मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १२१ ★ ने. सं. ११४६ अनाला थ्व, अष्टमी ★ आइतबार ★ १० जेठ, २०८३ ★ May 24, 2026, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## कृत्रिम बौद्धिकता (एआई) पनि झूट हुने




भक्तपुर, ९ जेठ । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा शिक्षकहरूको लागि कृत्रिम बौद्धिकता (एआई) बारे दुईदिने तालिम शनिबार सुरू भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले तालिमको उद्घाटन मन्तव्यमा मानिसको जीवनमा सिक्ने प्रक्रिया कहिल्यै नटुङ्गिने उल्लेख गर्दै नयाँ पुस्ता तयार गर्ने शिक्षकहरूलाई पाठ्यक्रम, पाठ्यपुस्तकलगायत खेलकुद, साहित्य, वाद्यवादन, भाषा आदिको तालिम जरूरी हुने बताउनुभयो ।

सचिव सुवालले थप्नुभयो, "नेपालको निर्वाचनमा पनि विद्युतीय मतदान मेसिन (ईभीएम) र विद्युतीय मतदान (इन्टरनेट भोटिङ प्रोसेस) सम्बन्धी कानुनी मस्यौदाबारे छलफल भइरहेको छ । भारत र संरा अमेरिकामा विद्युतीय मतदान मेशिन र विद्युतीय मतदानमा धाँधली भएको पनि सार्वजनिक भयो । विद्युतीय मतदान मेसिनको प्रयोग र विद्युतीय मतदानबारे नेपालका अत्यधिक जनता अझै शिक्षित नभएको अवस्था छ । यसबारे नेपालका शिक्षकहरू सचेत भएर नयाँ पुस्तालाई शिक्षित गर्न लागिपर्नु जरुरी छ ।"

सचिव सुवालले विज्ञान र प्रविधिको दुरूपयोग रोक्न सबै लागिपर्नुपर्नेमा जोड दिँदै नेपालका निर्वाचनहरू स्वच्छ र निष्पक्ष नभइरहेको अवस्थामा विद्युतीय मतदान मेसिन प्रयोग र विद्युतीय माध्यमबाट मतदान निष्पक्ष हुनेमा प्रश्न उठ्नु स्वाभाविक भएको उल्लेख गर्नुभयो ।

स्वीडेनमा नयाँ पुस्ताको शिक्षामा पुनः पाठ्यपुस्तकलाई जोड दिन थालेको र विद्युतीय सामग्री प्रयोगलाई निरूत्साहित गरिएको उल्लेख गर्दै सचिव सुवालले विद्युतीय सामग्री र कृत्रिम बौद्धिकता नयाँ पुस्ताको सृजनशीलतामा कमी नहुने गरी प्रयोग गर्नु जरूरी भएको बताउनुभयो ।

सङ्घका जिल्ला अध्यक्ष गणेशराम थुसाको सभापत्विमा भएको तालिममा प्रशिक्षक नवीन प्रजापतिले कतिपय कृत्रिम बौद्धिकताका प्रणालीहरू झूट पनि भेटिएको हुँदा पूर्णरूपले त्यस्ता प्रणालीमा मात्र भर पर्न नहुने बताउनुभयो ।

## सहकारीले महिलालाई आर्थिक, राजनीतिक र सामाजिक रूपमा सबल बनाउनुपर्ने



भक्तपुर, ९ जेठ । सहकारी क्षेत्रमा महिलाको सहभागिता बढ्दै जाँदा महिला सशक्तीकरणमा समेत सकारात्मक प्रभाव परेको र सहकारीमार्फत महिलाहरू आर्थिक, सामाजिक तथा नेतृत्वदायी भूमिकामा अघि बढ्न सफल भएको विश्लेषण गरिन थालेको छ ।

भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. को महिला बचत समूहको भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्थाले महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरिरहेको बताउनुभयो । उहाँले सहकारीमार्फत महिलाहरूले बचत, ऋण तथा साना उद्यम सञ्चालन गरी आयआर्जन गरिरहेको उल्लेख गर्दै कतिपय सहकारी संस्थामा ६० प्रतिशतभन्दा बढी महिला सदस्य आबद्ध रहेका र नेतृत्व तहमा पनि महिलाको उपस्थिति बढ्दै गएको बताउनुभयो ।

समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति रोक्का गरे पनि रकम उठाउन गाह्रो भइरहेको बताउँदै उहाँले सहकारीले महिलालाई आर्थिक रूपमा मात्रै नभई सामाजिक रूपमा पनि सबल बनाएको बताउनुभयो ।

बाग्मती प्रदेश सदस्य सृजना सैंजुले नेपाली भाषा र संस्कृतिले नै देशको पहिचान कायम राख्ने उल्लेख गर्दै नयाँ पुस्तालाई आफ्नै भाषा, कला र संस्कृतिप्रति आकर्षित गराउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले वर्तमान सरकार सम्भ्रान्तवर्गको पक्षमा रहेको उल्लेख गर्दै व्यापक जनताको हितमा काम गर्ने सरकार आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले सहकारी संस्थाले बचत तथा ऋण मात्र नभई आयमूलक क्षेत्रमा लगानी गरी सदस्यहरूको आर्थिक तथा सामाजिक उत्थानमा ध्यान दिनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले सहकारीको गतिविधि र कार्यक्रमबारे प्रस्ट पार्नुभयो । महिला सदस्य रविना सुवालले पनि बोल्नुभयो ।

## विद्यार्थीले समयको आवश्यकताअनुसार शिक्षा लिनुपर्ने




काठमाडौँ, ९ जेठ । महालक्ष्मी इङ्गलिस हाईस्कूलबाट माध्यमिक शिक्षा परीक्षा २०८२ मा सहभागी छात्रा समिरा महर्जन ४ जीपीए ल्याउन सफल भएबाट विद्यालयले उनलाई एक कार्यक्रमको आयोजना गरी रू. पचास हजार नगदसहित पुरस्कृत गरेको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले परिवर्तनशील समयको मागअनुसार शिक्षा लिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

परम्परागत पेसा लोप भएर नयाँ नयाँ पेसाको सिर्जना भएको प्रसङ्ग उल्लेख गर्दै उहाँले अहिलेका विद्यार्थीले समयको आवश्यकताअनुसार शिक्षा लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रा छिमेकीलगायत विकसित देशहरू विज्ञानको चरम उत्कर्षमा पुगिसक्दा पनि नेपाली समाज भने अझै असल नेतृत्वको खोजीमै रहेकोले देश विकास हुन सकेन ।"

विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले गुणस्तरीय शिक्षा

*बाँकी पृष्ठ ८ मा*

## जित्नेलाई मत दिने !

बितेका केही निर्वाचनमा केही बुद्धिजीवीले नै 'जित्नेलाई मत देऔँ' भन्ने प्रचार अभियान चलाए । प्राज्ञिक दृष्टिले चिन्तन गर्दा त्यो प्रचार अत्यन्त रूढीवादी र पुरानपन्थी साबित हुन्छ । बेलायत, संरा अमेरिका र अन्य पश्चिमेली देशहरूमा कन्जर्भेटिभ (रूढीवादी) र रिपब्लिकन जस्ता कट्टर दक्षिणपन्थी दलहरूले शासन गरिरहेजस्तै हुनेछ नेपालमा पनि । त्यस परिणामले समाजमा युग सुहाउँदो परिवर्तन सम्भव हुन्न । होइन भने परिवर्तनको निम्ति जनताले ठुलो मूल्य चुकाउनु पर्नेछ ।

बेलायतमा उदारवादी (लिवरल) वा डेमोक्रेटिक ( प्रजातन्त्रवादी) दलले निर्वाचन जित्छ; परिवर्तन भइरहन्छ भन्ने तर्क पनि प्रस्तुत गर्छ । तर, बेलायतीहरू आफ्ना अमेरिकी साथीहरूलाई पत्रमा लेख्छन्- "हाम्रो देशमा एक-दुई सय वर्षदेखि नै अनुदार र उदारवादी दलहरूले नै निर्वाचन जित्छन् तर दुवै उस्तै छन् । यसकारण, परिवर्तन चाहने जनता निर्वाचनमा मत खसाल्न जाँदैनन् ।"

त्यस्तै, अमेरिकीहरू बेलायती साथीहरूलाई पत्रमा लेख्छन्, "हाम्रो देशमा बरोबर रिपब्लिकन (गणतन्त्रवादी) र डेमोक्रेटिकहरू (प्रजातन्त्रवादी) पालैपालो निर्वाचनमा बहुमत प्राप्त गर्छन् । तर, परिवर्तनको नामै लिँदैनन् । यसकारण, ४० प्रतिशत जनताले मात्र मुश्किलले मतदानमा भाग लिन्छन् र २१ प्रतिशतको बहुमत प्राप्त सरकारले नै शासन गर्छ । हाम्रो देशमा अल्पमत धनाढ्यहरूको शासन चल्छ र अत्यन्त बहुमत जनता प्रजातन्त्र नामको तमासा एवम् जालझेलमात्र हेरेर दिक्क मान्छन् ।"

यसरी, पश्चिमी देशका सबै प्रजातन्त्र सिद्धान्ततः अल्पतन्त्र हो । यस्तै, नेपाली काङ्ग्रेस, एमाले र अन्य शासक दलहरूले पनि विगत ३०-४० वर्षमा नेपाली जनतामाथि पालैपालो शासन गरे तर विकास-निर्माणको काम भएन; जनताको जीवनस्तरमा कुनै मौलिक हेरफेर आएन । बरू, आश्चर्यको विषय हो- देशको निर्माणका ठेकेदारहरू (निर्माण व्यवसायीहरू) पहिलेकै हुन्छन् र तिनीहरूको काम गर्ने शैलीमा कुनै परिर्वतन आएको जनताले देखेनन् ।

गहिरिएर अध्ययन गर्ने बुद्धिजीवीहरूले थाहा पाए- ती ठेकेदारहरू नै सामान लुकाएर भाउ बढाउने कालाबजारिया, वन तस्कर, गिटी बालुवा 'चोर', सिंहदरबारमा राज गर्ने भ्रष्ट कर्मचारी, अनेक विदेशी सामानका एजेन्टहरूसँग प्रतिशत खाएर नेपालमा कमसल सामान तथा औषधि भित्र्याउने नीति निर्माता एवम् कर्मचारीहरू हुन् । यहाँसम्म कि कर छली गर्ने एवम् कर चोर्ने र सार्वजनिक सम्पत्ति व्यक्तिको नाममा नामसारी गराउने जनविरोधी तथा देशविरोधीहरूबाट नै विधेयकको खेस्रा हुन्छ जसरी कर छल्ने व्यापारी र विदेशी नागरिकहरूले नै बजेट बनाएको कुरा सार्वजनिक भयो ।

नाउँ चलेको प्रजातान्त्रिक देश संरा अमेरिकामा हालसालै देखियो - रिपब्लिकन (गणतन्त्रवादी) दलका ट्रम्पकै नीतिमा डेमोक्रेटिक (प्रजातन्त्रवादी) पार्टीका राष्ट्रपति बाइडेन लागि नै रहे । अर्को भाषामा नेपालका प्रजातन्त्रवादी नेका, एमाले र शासनमा भाग लिने अन्य दलहरू पञ्चायतकै पदचिह्नमा हिँड्दै छन् ।

*बाँकी पृष्ठ ८ मा*




**काभा महिला भलिबल च्याम्पियनसिपमा नेपाल र किर्गिस्तानका खेलाडी प्रतिस्पर्धा गर्दै**

नेपाल भलिबल सङ्घको आयोजनामा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शनिबार जारी काभा महिला भलिबल च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्दै नेपाल र किर्गिस्तानका खेलाडी । *तस्बिर : किरणराज विष्ट/रासस*

# बासु माविमा स्वागत एवं छात्रवृत्ति कार्यक्रम

भक्तपुर, ९ जेठ । बासु माध्यमिक विद्यालयमा नवआगन्तुक विद्यार्थीलाई स्वागत एवं पुरस्कार वितरण तथा छात्रवृत्ति कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले विद्यार्थीहरू जहिल्यै सिक्नेतर्फ लागिरहनुपर्नेमा जोड दिनुभयो ।

विद्यार्थीलाई संस्कार र संस्कृतिबारे व्यवहारिक ज्ञान दिएर सुसूचित पार्नुपर्नेमा जोड दिँदै उहाँले सम्पदा म्हास्ने, कुलतमा लागेर जीवन बर्बाद पार्ने काम कसैले गर्न नहुने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले विद्यालयको शैक्षिक स्तर उठाउन विद्यालय परिवार लागिरहनुपर्नेमा जोड दिनुभयो ।

विद्यालय स्थापनाकालदेखि नै स्थानीय जनताबाट पाइरहेको सहयोग अहिले पनि निरन्तरता पाइरहेको उहाँले बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक रविलाल प्रधानको सभापतित्वमा भएको सो कार्यक्रममा उहाँले भर्ना भएका नयाँ विद्यार्थीलाई स्वागत गर्नुभयो ।

सो कार्यक्रममा चन्दादाता जयन्तकुमार पौड्यालको उपस्थितिमा छात्रवृत्ति वितरण गरिएको थियो ।

विद्यालयका सहायक प्रधानाध्यापक राजकुमार ह्यौँमिखा, माध्यमिक विद्यालय इन्चार्ज राजकुमार निरौला, प्राथमिक विद्यालय इन्चार्ज विष्णुप्रसाद दुमरु, निम्न माध्यमिक इन्चार्ज रामहरि ताम्राकार र बासु मावि विद्यार्थी हित समितिका अध्यक्ष अविनास साहले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा कक्षागत प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो ।

# भूकम्प पीडित भक्तपुर नगरवासी लाभग्राहीहरूको विवरण

भक्तपुर, ९ जेठ । विसं २०७२ सालको विनाशकारी भूकम्पका कारण भक्तपुर नगरपालिकामा ८ हजारको हाराहारीमा व्यक्तिगत निजी घरहरूमा क्षति पुगेको थियो । तीमध्ये राष्ट्रिय पुनः निर्माण प्राधिकरणले ७,८५८ लाभग्राहीको सूची प्रकाशन गरेको थियो । भक्तपुर नगरपालिका र वडा कार्यालयहरूको सक्रिय समन्वयमा निजी घर पुनःनिर्माणको लागि ५,६९२ जना नगरवासी लाभग्राहीहरूले पहिलो किस्ताबापत रु. ५० हजार अनुदान प्राप्त गरेको थियो ।

पहिलो किस्ता अनुदान प्राप्त गर्नेले नगरपालिकामा नक्सा पास गरेपछि दोस्रो किस्ताबापत रु. १ लाख ५० हजार प्राप्त गर्थे र यसरी दोस्रो किस्ताको अनुदान प्राप्त गर्ने लाभग्राहीहरू २,१७९ थिए । पहिलो तल्ला निर्माण गरेर माथिल्लो तल्लाको स्वीकृति प्राप्त गरेपछि तेस्रो किस्तावापत अर्को १ लाख अनुदान दिइने प्रावधानअनुसार तेस्रो किस्ताको अनुदान लिनेहरू २,०२६ जना थिए ।

केही लाभग्राहीको अर्को स्थानमा बसोबासयोग्य घर भएकाले अनुदान सम्झौता गर्न नआएको भए पनि धेरैको भने जग्गासम्बन्धी मुद्दा मामिला, जग्गाको स्वामित्व विवाद, पारिवारिक किचलो भएको, पुराना बस्तीमा जग्गाको क्षेत्रफल सानो र संयुक्त नाममा रहेको आदि कारणले लाभग्राहीहरूले घर निर्माण गर्न नसकेको राष्ट्रिय पुनः निर्माण प्राधिकरणको प्रतिवेदनमा उल्लेख छ ।

थप अनुदान लिन नसक्नुका कारणहरू : केही लाभग्राहीको अर्को स्थानमा बसोबासयोग्य घर भएकाले अनुदान सम्झौता गर्न नआएको भए पनि धेरैको भने जग्गासम्बन्धी मुद्दा मामिला, जग्गाको स्वामित्व विवाद, पारिवारिक किचलो भएको, पुराना बस्तीमा जग्गाको क्षेत्रफल सानो र संयुक्त नाममा रहेको आदि ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राष्ट्रिय पुनःनिर्माण प्राधिकरण भक्तपुर जिल्ला निजी आवास पुनःनिर्माणसम्बन्धी बैठकमा भूकम्प पीडितहरूलाई प्रदान गरिने भूकम्प पुनःनिर्माणको अनुदान रकम १० लाख पुऱ्याउनुपर्ने, अनुदान रकमलाई किस्ता किस्ता गरी लिनुपर्ने बाध्यताको अन्त्य गरी एकमुष्ठ वितरण गर्नुपर्ने र किस्ता लिने समय सीमा थप गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

# केदारनाथ सहकारीद्वारा 'एआई टुल्सको व्यावहारिक ज्ञान तथा सीप विकाससम्बन्धी' तालिम सम्पन्न

भक्तपुर, ९ जेठ । केदारनाथ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा एक दिवसीय 'एआई टुल्स को व्यावहारिक ज्ञान तथा सीप विकाससम्बन्धी' विशेष तालिम भक्तपुरको जगाती-७ मा सभा हलमा सम्पन्न भएको छ ।

'भविष्यको आधार सुरक्षित लगानी, सुरक्षित लगानीको लागि केदारनाथ सहकारी' भन्ने मूल नाराका साथ सञ्चालित यस संस्थाले पछिल्लो प्रविधिलाई आत्मसात गर्दै आफ्ना सदस्य तथा सरोकारवालाहरूका लागि यो तालिम आयोजना गरेको हो ।




कार्यक्रमका प्रमुख अतिथि एवं संस्थाका सल्लाहकार रामकृष्ण प्रजापतिले प्रविधिलाई डर वा चुनौतीका रूपमा नभई एक ठुलो अवसरको रूपमा लिनुपर्नेमा जोड दिनुभयो । उहाँले तालिममा सिकेका प्रविधियुक्त कुरालाई समाजको हितको निम्ति प्रयोग गर्न सक्नुपर्छ भन्नुभयो ।

तालिममा प्रशिक्षक श्रीराम कासिछ्वाले एआई टुल्सका विभिन्न आयाम, यसको दैनिक जीवनमा हुने प्रयोग र महत्त्वबारे व्यावहारिक ज्ञान प्रदान गर्नुभएको थियो । उहाँले एआई टुल्सहरूलाई संस्थाको प्रवर्द्धन, व्यवसाय वृद्धि र डिजिटल सामग्री (Content) निर्माणमा कसरी प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा सिकाउनुभयो ।

कार्यक्रमका सभापति एवं केदारनाथ साकोसका अध्यक्ष राजभाइ तजलेले तालिमबाट प्राप्त ज्ञानलाई सिर्जनात्मक र सकारात्मक कार्यमा मात्र प्रयोग गर्न अनुरोध गर्नुभयो । उहाँले प्रविधिको क्षेत्रमा संस्थालाई अझ अगाडि बढाउन आगामी दिनमा पनि यस्ता उपयोगी र व्यावहारिक तालिमहरू निरन्तर सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

संस्थाका व्यवस्थापक दयाराम तजलेले पछिल्लो समय सामाजिक सञ्जाल र एआईको दुरुपयोगमार्फत भइरहेका चरित्र हत्या, नक्कली फोन कल ( Deepfake Audio/Video), ब्ल्याकमेलिङ र अनलाइन सपिङमा हुने डिजिटल ठगीका घटनाहरूबारे चर्चा गर्दै सहभागीहरूलाई अपरिचित नम्बर वा शङ्कास्पद म्यासेजहरूबाट सचेत रहन आग्रह गर्नुभयो ।

संस्थाका कोषाध्यक्ष साजन कस्पालले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा सल्लाहकार रामकृष्ण छुस्यावागलगायत तालिममा सहभागी प्रशिक्षार्थीहरूले तालिमबारे आ-आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

तालिमका प्रशिक्षक श्रीराम कासिछ्वालाई संस्थाको तर्फबाट कृतज्ञता ज्ञापन गर्दै प्रशंसा-पत्र र मायाको चिनो प्रदान गरिएको थियो । तालिममा सहभागी सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# हाटबजार पूर्वाधार निर्माण: किसानलाई कृषिउपज बिक्रीमा सहज हुने

कञ्चनपुर, ९ जेठ । शुक्लाफाँटा नगरपालिका-१० झलारीमा स्थानीय किसानको कृषि उत्पादनलाई व्यवस्थित बजार उपलब्ध गराउने उद्देश्यले हाटबजार सञ्चालनमा ल्याउन भौतिक पूर्वाधार निर्माण सुरु गरिएको छ । कृषिउपज बिक्रीका लागि स्थानीयस्तरमा स्थायी बजारको अभाव झेलिरहेका किसानलाई लक्षित गर्दै नगरपालिका र सङ्घीय सरकारको सहकार्यमा हाटबजारस्थल निर्माण अघि बढाइएको हो ।

सङ्घीय सरकारको चालु आर्थिक वर्षको सशर्त अनुदान कार्यक्रमअन्तर्गत रु. २० लाख लागतमा हाटबजारस्थल निर्माण गर्न लागिएको छ । नगरपालिकाको कृषि विकास शाखा प्रमुख करनसिंह बुढाऐरका अनुसार बजार सञ्चालनलाई व्यवस्थित र सुरक्षित बनाउन रु. १५ लाख लागतमा टिनसेट (जस्तापाता प्रयोग गरेर बनाइएको अस्थायी टहरा) निर्माण तथा रु. पाँच लाख लागतमा चारैतिर 'मेसवायर' (जाली तार) जडानको काम भइरहेको छ ।

हाटबजार सञ्चालनका लागि सात कङ्गा जग्गा व्यवस्थापन भइसकेको जनाउँदै उहाँले निर्माण असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको बताउनुभयो । बजार सञ्चालन तथा व्यवस्थापनका लागि नगर कृषक समन्वय समिति गठन गरी त्यसैमार्फत सञ्चालन गर्ने तयारी गरिएको छ । हाटबजार सञ्चालनमा आएपछि किसानले आफ्नै क्षेत्रमा कृषिउपज बिक्री गर्न पाउनेछन् । यसले उत्पादन बिक्रीका लागि टाढा बजार धाउनुपर्ने बाध्यता घटाउने र कृषि उत्पादनको उचित मूल्य सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

शुक्लाफाँटा-१० का वडाध्यक्ष लालबहादुर ऐरले हाल स्थानीय किसानले उत्पादन गरेका तरकारी तथा कृषि उपज टोकरीमा बोकेर झलारी, कलुवापुर, वन समितिलगायत बजारमा बिक्री गर्नुपर्ने बाध्यता रहेकामा हाटबजार सञ्चालनमा आएसँगै उक्त समस्या समाधान हुने बताउनुभयो । बढी उत्पादन गर्ने किसानले महेन्द्रनगर र अत्तरिया बजारसम्म पुग्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उहाँले स्थानीयस्तरमा बजार सञ्चालन भएपछि किसानको समय, श्रम र ढुवानी खर्च घट्ने बताउनुभयो ।

नगर उपप्रमुख कल्पना पन्तले हाटबजारले किसान र उपभोक्ताबिच प्रत्यक्ष सम्बन्ध स्थापित गर्दै स्थानीय कृषि अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । "किसानले उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले ताजा कृषिउपज सहज रूपमा प्राप्त गर्ने वातावरण तयार हुने विश्वास छ", उहाँले भन्नुभयो ।

नगर उपप्रमुख पन्तका अनुसार नगरपालिका वडा नं २, ३, ८, ९, १० र १२ मा व्यावसायिक तरकारीखेती विस्तार हुँदै गएको छ । व्यवस्थित बजार अभावका कारण किसानले उत्पादन बिक्रीमा समस्या भोग्दै आएका छन् । कृषिउपज बिक्रीका लागि स्थानीयस्तरमा स्थायी हाटबजार नहुँदा बिचौलियामा निर्भर हुनुपर्ने अवस्था रहेको किसानहरूको गुनासो छ ।

नगरपालिकाले आगामी दिनमा थप दुई स्थानमा पनि हाटबजारस्थल निर्माण गर्ने लक्ष्य लिएको नगर उपप्रमुख पन्तले जानकारी दिनुभयो । कृषि विकास शाखाका अनुसार अर्को हाटबजारस्थल निर्माणका लागि सम्भाव्यता अध्ययन भइरहेको छ । कृषि उत्पादनको अवस्था तथा किसानको पहुँचका आधारमा स्थान छनोट गरिनेछ ।

स्थानीयस्तरमा हप्तामा एकदिन सञ्चालन हुने हाटबजारले किसानलाई सहज बजार पहुँच दिलाउनुका साथै स्थानीय उत्पादनको प्रवर्द्धन, ग्रामीण अर्थतन्त्र सुदृढीकरण र कृषि व्यवसायलाई दिगो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# कारोबार बन्द होइन व्यवस्थापन गर्न माग

भक्तपुर, ९ जेठ । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडको आयोजनामा 'सहकारी अध्यादेश २०८३' सम्बन्धी एक विशेष अन्तरक्रिया कार्यक्रम शनिबार सम्पन्न भयो ।

सिद्धि गणेश तालिम हलमा आयोजित उक्त कार्यक्रममा सहकारीकर्मीहरूले हालै जारी अध्यादेशका कतिपय प्रावधानले बचत फिर्ता प्रक्रियामा थप सङ्कट निम्त्याउने र सहकारीलाई राज्यको नियन्त्रणमा राख्न खोजेको भन्दै चिन्ता व्यक्त गरे ।

कार्यक्रममा भक्तपुर बचत सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले प्रारम्भिक संस्थाहरूको आवश्यकता र तरलता व्यवस्थापनकै लागि सङ्घ स्थापना भएको स्पष्ट पार्दै भन्नुभयो, "प्रारम्भिक संस्थाहरूले कारोबार गर्न नचाहेका भए सङ्घहरूमा ९२ अर्बको कारोबारको विश्वास हुने थिएन । प्रारम्भिक संस्थाको आवश्यकताकै आधारमा सङ्घहरूले कारोबार गर्दै आएकाले राज्यले यसलाई बन्द गर्ने नभई उचित व्यवस्थापन गर्नु जरूरी छ ।"

सङ्घका निवर्तमान अध्यक्ष कृष्णगोविन्द लाखाजुले अध्यादेशको कानुनी व्यवस्था, यसको प्रभाव र कार्यान्वयनका चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्दै कानुनसम्मत रूपमा सङ्घहरूले गर्दै आएको बचत तथा ऋणको कारोबार सङ्घले गर्न पाउनुपर्ने अडान राख्नुभयो ।

सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले राज्यको नियन्त्रणमा सहकारी सञ्चालन हुन नसक्ने धारणा राख्नुभयो ।

कार्यक्रममा सङ्घका सचिव कान्छाभक्त घजु र प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले पनि बोल्नुभएको थियो ।

# कैलालीमा हो चि मिन्हको १३६ औँ जन्म दिवस मनाइयो



कैलाली, ९ जेठ। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा विश्व सर्वहारावर्गका नेता हो चि मिन्हको १३६ औँ जन्म दिवसको अवसरमा शनिबार प्रशिक्षण कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले हो चि मिन्हको जीवनी र जीवन सङ्घर्षबारे जानकारी दिँदै भियतनामलाई अमेरिकी साम्राज्यवादबाट मुक्त गर्न सक्नुमा उहाँको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो।

जबसम्म साम्राज्यवाद रहिरहन्छ, तबसम्म समाजमा शोषण रहिरहने भएकोले शोषणमुक्त समाज निर्माणको लागि साम्राज्यवादको अन्त्य र समाजवाद स्थापना जरूरी रहेको उहाँले बताउनुभयो।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारा रहेकोले जनताको निःस्वार्थ सेवामा कार्यकर्ताहरू खटिनु जरूरी छ भन्नुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य जङ्ग तारामीले वाद र विचारको भेदबारे प्रस्ट पार्दै नेमकिपाको मुख्य उद्देश्य भनेको समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्नु रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका लक्ष्मी पुन, आयोजक समितिका गुप्त बहादुर शाहीलगायतले बोल्नुभएको थियो।

## सङ्क्षिप्त समाचार

### विटुमिनको मूल्य बढ्दा एसियन राजमार्ग कालोपत्र ढिलासुस्ती

बेलबारी (मोरङ), ९ जेठ। सडक सञ्जालमार्फत एसियाली राष्ट्रलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको 'एसियन हाइवे' अन्तर्गत काँकरभिट्टाबाट लौकही सडकखण्डमा विटुमिन (अलकत्रा) को अभाव भएपछि कालोपत्र गर्न ढिलासुस्ती भएको छ। विटुमिन अभाव साथै गुणस्तरिय नपाएको कारण कालोपत्र गर्न ढिलासुस्ती भएको आयोजनाअन्तर्गत पश्चिमखण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले बताउनुभयो। उहाँका अनुसार दुई महिना अघिसम्म प्रतिलिटर रु. १०० देखि रु. ११० सम्ममा पाइरहेको भारतीय विटुमिन अहिले रु. १५० भन्दा बढी पर्न थालेको छ। नेपाल विटुमिन तथा ब्यारल उद्योगले भने विटुमिनको अभाव नभई मूल्य भने अप्रत्यासित रूपमा बढेको जनाएको छ।

निर्माण सुरु भएको ३० महिना बितिसक्दा करिब ४० प्रतिशत काम सकिएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो। उहाँका अनुसार विटुमिन अभाव भए पनि कङ्क्रिटसम्बन्धी काम धमाधम भइरहेका छन्। हाल ओभरपास, अण्डरपास, वेस, सववेस, नालालगायत संरचना निमार्ण तीव्र रूपमा भइरहेको उहाँले जानकारी दिनुभयो। प्रमुख प्रजापतिका अनुसार एसियन राजमार्ग नं २ अन्तर्गत काँकरभिट्टाबाट पश्चिम ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ। "पूर्वी र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको छ। निर्माण सामग्री उपलब्धतामा सहजता भएमा कामले तीव्रता पाउनेछ", उहाँले भन्नुभयो। एसियन हाइवे निर्माण सम्पन्न भएमा थाइल्याण्डको बैङ्ककबाट सुरु भई म्यान्मार, बङ्गलादेश, भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्ने प्रमुख प्रजापतिले जानकारी दिनुभयो। तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाका साथ एसियाली विकास बैङ्कको आर्थिक सहयोगमा विसं २०८० माघ १९ गतेदेखि सडक निर्माण सुरु भएको थियो। रासस

### चीनसँगको छोटो व्यापारिक नाका ओलाङचुङगोला पुनःसञ्चालन

फुङ्लिङ (ताप्लेजुङ), ९ जेठ। ताप्लेजुङको टिप्ताला नाकामा कर्मचारी व्यवस्थापन भएसँगै पुनः सञ्चालनमा आएको छ। फक्ताङलुङ गाउँपालिका-७ का वडाध्यक्ष छेतेन लामाका अनुसार विगतमा ओलाङचुङगोलाका स्थानीय कार्यालय सहयोगीका भरमा भन्सार कार्यालय सञ्चालन हुँदै आएको थियो।

कोभिड-१९ को महामारी फैलिन थालेसँगै भन्सार कार्यालय पूर्ण रूपमा बन्द गरिएकामा अहिले कर्मचारी व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो। भन्सार कार्यालय सञ्चालन गर्नका लागि बिहीबार नायब सुब्बा प्रदीप धितालला‌ई प्रमुखका रूपमा तोकिएसँगै नाका नियमित सञ्चालनमा आएको उहाँले बताउनुभयो। "नेपालको पूर्वी क्षेत्रमा चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको सबैभन्दा छोटो व्यापारिक केन्द्र ओलाङचुङगोला हो। ओलाङचुङचुगोलाबाट २४ किलोमिटर दूरी पार गरी नेपाल-चीनको सीमा टिप्तालानाका पुग्न सकिन्छ", वडाध्यक्ष लामाले भन्नुभयो।



**बिक्रीका लागि गोलभेँडा सङ्कलन गरिँदै**

दाङको घोराही उपमहानगरपालिका-१६ तेरौटेस्थित मसिनाका महेश पौडेलको नवीनतम कृषि फर्ममा बिक्रीका लागि गोलभैँडा सङ्कलन गरिँदै। दाङमा गोलभैँडा प्रतिकिलो २५ रुपैयाँ थोक मूल्यमा बिक्री भइरहेको पौडेलले जानकारी दिनुभयो। *तस्बिरः कुलदीप न्यौपाने/ रासस*

# बाँकेसहित तराईमा गर्मीले जनजीवन प्रभावित

नेपालगञ्ज, ९ जेठ। बाँकेसहित तराईका जिल्लामा अत्यधिक गर्मी बढेसँगै जनजीवन प्रभावित भएको छ। दिउँसोपख चरक्क लागेको घाम र तातो हावाका कारण मानिस बाहिर निस्कन नसक्दा यहाँका सडक सुनसान जस्तै देखिन थालेका छन्। गर्मी बढेसँगै उखुको जुस र लस्सी पिउने स्थानमा सेवाग्राहीको घुइँचो बढ्न थालेको हो।

जल तथा मौसम विभाग कोहलपुरका प्रमुख रामप्रसाद अवस्थीका अनुसार सन् २०१२ जुन १४ मा नेपालगञ्जमा सबैभन्दा बढी ४५ डिग्रीसम्म तापक्रम पुगेको थियो। पछिल्लो समय तराईका जिल्लामा अत्यधिक गर्मी बढदै गएको छ। यसले सबैभन्दा बढी विद्यालयका बालबालिका, दैनिक काम गर्ने श्रमिक बढी प्रभावित भएका उहाँले बताउनुभयो।

मौसम विभागका प्रमुख अवस्थीले आज साँझ ३८ देखि ४० डिग्री सेल्सियससम्म तापक्रम पुग्ने पूर्वानुमान गर्दै दिउँसो २:०० देखि ५:४५ बजेसम्मको तापक्रमलाई आधार मानी पूर्वानुमान गरिएको उहाँले जानकारी दिनुभयो। उहाँले बिहीबार यस वर्षको सबैभन्दा बढी ४१ दशमलव पाँच डिग्री सेल्सियस तापक्रम पुगेको जनाउँदै जेठ ४ गते यतादेखि तापक्रम निरन्तर बढिरहेको बताउनुभयो।

प्रमुख अवस्थीले तातो दिन, अधिक तातो दिन र अत्यधिक तातो दिनका रूपमा तापक्रमअनुसार वर्गीकरण गरिने उल्लेख गर्दै कोहलपुरबाहेक राँझा विमानस्थल र खजुरा स्टेसनबाट लिइएको तापक्रमअनुसार निक्यौंलमा पुगिने जानकारी दिनुभयो। "एक दिन गर्मी हुँदा अर्को दिन अलि कम हुने अवस्था पनि देखिएको छ तर गर्मी बढ्दै गएको छ", उहाँले भन्नुभयो।

गर्मीले जनजीवन प्रभावित बनाइरहेका बेला विद्युत् आपूर्तिमा समेत कठिनाइ झेल्नुपर्दा यस क्षेत्रका स्थानीयले सास्ती खेपिरहनुपरेको छ। विद्युत् आपूर्ति भए पनि कम (लो) भोल्टेजका कारण घर तथा कार्यालयमा पङ्खा राम्ररी चल्न सकेका छैनन् भने पानी तान्ने मोटरलगायत उपकरण बिग्रिएका नेपालगञ्ज-९ का शिवदत्त भट्टले बताउनुभयो। उहाँले विद्युत् आपूर्ति नियमित नहुँदा धेरै सास्ती झेल्नु परेको उल्लेख गर्दै बर्सेनि देखिने यस्तो समस्या शीघ्र समाधान गर्न आग्रह गर्नुभयो।

विद्युत् प्राधिकरण केन्द्र नेपालगञ्ज वितरण केन्द्रका प्रमुख इन्जिनियर सञ्जयकुमार मिश्राले कोहलपुर ग्रिड शाखाबाट प्रसारण हुने विद्युत्मा लोड ( भार) भएकाले त्यसको असर नेपालगञ्जको विद्युत् लाइनमा परेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "व्यक्तिगत रूपमा दिनरात नियमित विद्युत् आपूर्तिको पक्षमा पहल गरिरहेको छु। तर कोहलपुर ग्रिड शाखाबाट सबस्टेसनमा वितरण हुने विद्युत् 'लो भोल्टेज' को भएकाले समस्या देखिएको हो।"

इन्जिनियर मिश्राले कोहलपुर ग्रिडको १३२/३३ केभी प्रसारण लाइनमा देखिएको समस्या दीर्घकालीन रूपमा समाधानका लागि जानकीको बकसपुरमा निर्माणाधीन प्रसारण लाइनको काम सम्पन्न भएपछि हुने बताउँदै योसँगै नेपालगञ्जमा देखिएको विद्युत्को समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले यस क्षेत्रको विद्युत् आपूर्ति सहज बनाउन अहिलेसम्म आठ वटा विद्युत् ट्रान्सफर्मर परिवर्तन गरिएको जानकारी दिनुभयो। "जहाँ समस्या देखिएको छ, त्यहाँ नयाँ फिडरको व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो। रासस

# रानीजमरा कुलरिया आयोजना: उत्पादित विद्युत्को हिसाब गर्न सुझाव

काठमाडौँ, ९ जेठ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको रानीजमरा कुलरिया सिँचाइ परियोजनाले नियमित सिँचाइका साथै विद्युत् पनि उत्पादन गर्दै आएको छ। सो बिजुलीको हिसाब किताब नभएको देखिएपछि महालेखापरीक्षकको कार्यालयले आयोजनाबाट उत्पादित विद्युत्को हिसाब किताब गर्न सुझाव दिएको हो।

महालेखापरीक्षकको कार्यालयले ६३ औँ वार्षिक प्रतिवेदनमा आयोजनाबाट उत्पादित बिजुली यकिन गरी प्राधिकरणबाट विद्युत् बिक्री बापतको रकम असुल गर्न सुझाव दिएको छ। सो आयोजनाबाट चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन भइरहेको छ। आयोजनाका अनुसार विसं २०८० मङ्सिरदेखि नियमित विद्युत् उत्पादन भई नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा जोडिँदै आएको छ।

सिँचाइ आयोजना भए पनि परियोजनामा बिजुलीसमेत उत्पादन भएपछि स्थानीय र सम्बद्ध आयोजनाका अधिकारी पनि उत्साहित भएका छन्। तराई क्षेत्रमा आठ मिटर बराबरको हेड (उचाइ) उपलब्ध भएपछि बिजुली उत्पादन गरिएको आयोजना कार्यालयले जनाएको छ।

उत्पादित बिजुली र आयोजना सञ्चालनको आवश्यक ढाँचा भने तय हुन सकेको छैन। सोही विषयमा महालेखापरीक्षकको प्रतिवेदनमा प्रश्न उठाइएको छ। सिँचाइसँगै बिजुली पनि उत्पादन सुरु भएकाले के कसरी सञ्चालन गर्ने, त्यसबाट प्राप्त हुने आम्दानीको बाँडफाँट कसरी गर्ने भन्नेबारेमा आवश्यक निर्णय नभएकामा किन त्यसो भएको हो भनेर प्रतिवेदनमा प्रश्न उठाइएको हो।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले त्यसको आवश्यक तयारी गरिरहेको बताए पनि लामो समयसम्म निर्णय हुन सकेको छैन। सो आयोजनाबाट उत्पादित बिजुली व्यवस्थापन सम्बन्धमा मन्त्रालय र प्राधिकरणबिच विसं २०७८ जेठ ११ मा सम्झौता भएको थियो। सोहीअनुसार मान्य अवधि एक वर्षको हुने उल्लेख थियो। सो अवधिपश्चात् म्याद थप गर्नुपर्ने वा सो अवधिभित्र विद्युत् खरिद सम्झौतामा दुवै पक्षले हस्ताक्षर गर्नुपर्ने व्यवस्था गरिएको थियो।

सो आयोजनाको सिँचाइ नहरमार्फत उत्पादन भएको विद्युत् गृह सञ्चालनमा ल्याई विसं २०८१ माघ २ गते आयोजनालाई हस्तान्तरणसमेत भइसकेको छ। प्रतिवेदनअनुसार दुई करोड ६० लाख ५६ हजार युनिट प्राधिकरणले प्रयोगमा ल्याइसकेको छ। विद्युत् बिक्रीबाट प्राप्त भएको रकम हालसम्म उपलब्ध हुन सकेको छैन। सम्झौता भएको एक वर्षभित्र विद्युत् खरिद सम्झौता गर्नुपर्नेमा तीन वर्षभन्दा बढी अवधि व्यतित हुँदा समेत सम्झौता नभएकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको हो।

# एक हजार ९२२ जना सवारी चालक कारबाहीमा

काठमाडौँ, ९ जेठ। ट्राफिक प्रहरीले पछिल्लो चौबिस घण्टामा काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरूमा सञ्चालन गरेको जाँचका क्रममा एक हजार ९२२ जना सवारी चालकलाई कारबाही गरेको छ। उक्त कारबाहीबाट रु. १९ लाख ७० हजार दुई राजस्व सङ्कलन गरिएको छ।

जाँचका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारी धन चलाउने ११८, राइड सेयरिङमा १९८, रातोबत्तीमा १२६, तीव्र गतिमा १३१, लेनक्रसमा ७३, सडक फुटपाथमा ९०, हर्न निषेधमा ९५, एकतर्फीमा १०५, अन्यमा ९८६ लाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

मादकपदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ।

काठमाडौँ उपत्यकामा लागुपदार्थ सेवन गरी सवारी साधन चलाउने पाँच जना चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ। काठमाडौँ उपत्यकामा बढ्दो सडक दुर्घटना न्यूनीकरण तथा सार्वजनिक सवारी यात्रालाई सुरक्षित बनाउन ट्राफिक प्रहरीले विशेष अभियान सञ्चालन गरिरहेका बेला शनिबार काठमाडौँको थली क्षेत्रमा गरिएको 'लागुपदार्थ सेवन (लापसे) चेकिङ' का क्रममा उनीहरू पक्राउ परेका हुन्।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नेपाल प्रहरी अस्पतालको प्राविधिक टोलीको सहयोगमा उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्यूरो तथा ट्राफिक प्रहरी प्रभाग थलीको संयुक्त टोलीले सवारी चालकहरूमा विशेष परीक्षण गरेको थियो। सो क्रममा लागुपदार्थ सेवन गरेर सवारीसाधन चलाइरहेको अवस्थामा पाँच जना चालक फेला परेपछि नियन्त्रणमा लिइएको हो।

। सम्पादकीय ।

# सिद्धान्त र विचारले नभिजेका सांसदहरू व्यक्तिगत स्वार्थमा केन्द्रित हुने

क्रान्तिकारी विचार नभएका, भित्री हृदयदेखि नि:स्वार्थ रूपले देश र जनताको सेवा गर्ने भावना नभएका कुनै पनि दलको सरकारले देशमा आमूल परिवर्तन गर्दैन; जनतालाई राहत महसुस हुने काम गर्दैन । नयाँ सरकारले काम देखाउन स-साना सुधारात्मक योजना ल्याएर काम थालनी गर्नु स्वाभाविक हो । रास्वपाको नेतृत्वमा सरकार बन्नुभन्दा अघि पनि ठुलठुला दल मिलेर झन्डै दुईतिहाइ मत प्राप्त सरकार बनेको थियो; नेकपा एमाले, माओवादी र काङ्ग्रेसहरू गठबन्धन गरेर पालैपालो सरकारको नेतृत्व गरिएको थियो । तर, ती कुनै पनि सरकारले मौलिक परिवर्तन ल्याउनेतर्फ पाइला चालेनन् । अहिले बनेको सरकार पनि परिवर्तन चाहने सरकार होइन ।

सरकार सम्हालेको थोरै समयमै काम गरेको देखाउन यो सरकारले स-साना सुधारात्मक काम गऱ्यो । सरकारले काम देखाउन जति काम गरेको हो; त्यो सबै विवादित रह्यो । बिनाछलफल र गृहकार्य हचुवाको भरमा निर्णय गरेको कारण सरकारको व्यापक विरोध भयो । एसईईको नतिजा, नयाँ भर्ना, दुई दिनको बिदा र बिनातयारी सुकुमवासी बस्ती भत्काउने आदि विषयमा विवाद भयो ।

विनासल्लाह, विनासरकारी निर्णय प्रधानमन्त्री बालेन्द्र साहले सुकुमवासी बस्ती भत्काउँदा कति रास्वपाका सांसदहरू नै विपक्षमा रहे । सरकारले सुकुमवासीको नाउँमा बस्ती बसालेका व्यक्तिहरूको घर भत्काउन त थाल्यो तर रास्वपाबाट निर्वाचित सांसदहरूको अनियमित घर भत्काउन वर्तमान सरकार लागेन । यो सरकारको विभेदपूर्ण कार्य हो । सरकारले यसरी विभेद गर्नु हुँदैनथ्यो । विगतमा सरकारले स्वास्थ्योपचारमा मन्त्री, सांसदहरूलाई पैसा बाँड्ने काम गर्थ्यो; कार्यकर्तालाई पैसा बाँड्ने काम गर्थ्यो; पार्टी कार्यालय बनाउन सार्वजनिक जग्गा दिन्थ्यो; गाडी सुविधा हुन्थ्यो । यो नयाँ सरकारले कहिलेदेखि पार्टीले प्राप्त गरेको मतको आधारमा देशको राजस्वमा आँखा गाड्ने हो ? थाहा छैन । यो सरकारमा पनि दम्भ देखिन थालेको छ । पहिले दम्भकै कारण सरकार अस्थिर रहेको थियो । संसद् सञ्चालन भएदेखि सरकारको कार्यशैलीको विषयमा संसद्भित्र हङ्गामा भयो । विपक्षी दलका सांसदहरूले उठेर विरोध जनाए । कतिले बैठक बहिष्कार गरे । प्रधानमन्त्रीको संसद्मा उपस्थितिबिना नै संसदको बैठक भयो । संसद्भित्र 'समय' को विषयमा विवाद भयो ।

रास्वपाबाट निर्वाचित सांसदहरू सिद्धान्त र विचारबाट भिजेका छैनन् । सिद्धान्त र विचारबाट नभिजेका मन्त्री र सांसदहरूको विचार 'कुण्ड कुण्ड बुद्धि मुण्ड मुण्ड पानी' भनेझैँ हुन्छ ; भइरहेको छ । उनीहरू आफूलाई लागेको कुरा बोल्छन् । उनीहरूको विचारभित्र न मार्गनिर्देश हुन्छ न त कुनै दृष्टिकोण नै हुन्छ । शासक दलका नेता, मन्त्री र सांसदहरूले आफूलाई ठुलो ठाने । त्यस्तो सोचले देश र जनताको सेवा गर्दैन । त्यस्तो सोच सामन्ती सोच हो । सामन्ती सोचले श्रमजीवी वर्गको सेवा गर्दैन । शासकहरूले गणतान्त्रिक व्यवस्थालाई संस्थागत गर्दै जनताका लागि आवश्यक हक अधिकार पाउन र ऐनकानुन बनाउन लाग्नुपर्ने हो । तर त्यस्तो कुनै सङ्केत देखिएको छैन ।

सिद्धान्त र विचारले नभिजेका र देश र जनताप्रति समर्पित नभएका सांसदहरू व्यक्तिगत स्वार्थमा केन्द्रित हुन्छन् । उनीहरू जनतालाई राजनीतिक रूपले सचेत र सुसूचित पार्ने काम गर्दैनन्, गर्न चाहँदैनन् । सरकारी र अन्य प्रचारसाधनले कहिले पनि राजनीतिक शिक्षा दिने काम गरेन; देश र जनताको सेवालाई आफ्नो कर्तव्य सम्झेर काम गरेन । सरकारको नेतृत्व गरेको दुई महिना नपुग्दै रास्वपा र वर्तमान सरकारको जनताले विरोध गर्न थाले; आफ्नो मत फिर्ता लिने बखान गरे । सारमा, यो सरकारप्रति पनि जनताको विरोध बढ्न थाल्यो । जनताले रास्वपालाई मत हालेको खेर गयो भनी प्रायश्चित गर्न थाले ।

समाजवादी गणतन्त्रमा कामदारवर्गको निम्ति राजनीतिक, आर्थिक, सांस्कृतिक र मानव अधिकार हुन्छ । सिद्धान्तत: राजतन्त्रभन्दा गणतन्त्र प्रगतिशील हुन्छ । सरकारको नेतृत्व गर्ने दल कुन वर्गको पक्षमा रहेको छ भन्ने कुरा उसको कार्यशैलीबाट थाहा हुन्छ । रास्वपाका जिम्मेवार नेताहरूले आफूहरू कम्युनिस्ट नभएको स्वीकारे । यस अर्थमा कम्युनिस्टहरूले रास्वपालाई मतदान गर्नु गलत हो; अबका दिनमा कम्युनिस्टहरूले रास्वपालाई मतदान गर्ने छैनन्; मतदान गर्नु विश्वासघातसरि हुनेछ । जनताका अमूल्य मत कहिले पनि जित्नेलाई होइन बहुमत जनताको सेवा गर्ने दललाई दिने हो । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दललाई श्रमजीवीवर्गका जनताले भोट हाल्नु हुँदैन । यसकारण, प्रजातन्त्रको नाउँमा पुँजीपतिवर्गको सेवा गर्ने, कम्युनिस्टको नाउँमा अवसर खोज्ने अवसरवादी, व्यक्तिवादी, संशोधनवादीहरूदेखि जहिल्यै सचेत हुनुपर्छ । अबदेखि जनता भोट बैङ्क बन्नु हुँदैन; जनतालाई भऱ्याङ बनाउने हरेक सरकारप्रति चनाखो हुनुपर्छ ।

# इतिहास हराएमा सहरले जीवन गुमाउने !

✍ सुरेन्द्रराज गोसाईं




जनतासँग घुलमिल भएर, जनताका सुख-दु:खमा साथ दिँदै आफ्ना सारा स्वार्थलाई त्यागेर, आफ्नो महत्त्वपूर्ण समय जनताको सेवामा लगाउनुहुने जनताका प्रतिनिधि पाउनु अहिलेको सन्दर्भमा सामान्य कुरा होइन । साँचो अर्थमा जनताको सेवाबाहेक अर्को स्वार्थ नभएका बेदाग जनप्रतिनिधिहरू पाउनु गर्विलो विषय हो । यस अर्थमा सारा नगरवासी दाजुभाइ, दिदीबहिनीहरूप्रति म हार्दिक बधाई तथा शुभकामना दिन्छु ।

भक्तपुर नगरपालिकाले हरेक दिनजसो नयाँ-नयाँ सुखद खबरहरू दिँदै आएकोमा हामी अवगत नै छौँ । विशेष गरी जनताको पक्षमा र अझ सारा संसारसमक्ष सुन्दर नगर प्रस्तुत गर्नको निम्ति जुन किसिमले भक्तपुर नगरपालिकाले काम गर्दै छ, अत्यन्त उदाहरणीय हो । त्यस अर्थमा पनि भक्तपुर नगरपालिकालाई हामी नगरवासीको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

नेपालको इतिहासमा एउटा अद्भूत र अनुपमखालको एउटा उदाहरण आज हामीले पाएका छौँ । लोप हुन लागेको सुन्दर वास्तुकला, सुन्दर आकृतिलाई जोगाउने उपाय या अभ्यास भक्तपुर नगरपालिकाले सिङ्गो देशसमक्ष प्रस्तुत गर्दै छ । यसरी नै लोप हुन लागेका सुन्दर आकृतिहरू, लोप हुन लागेका मानवनिर्मित सम्पत्तिहरू जोगाउन सकेको खण्डमा हाम्रो नगर र जिल्ला मात्र होइन, हाम्रो देश नै धेरैको आँखामा लोभलाग्दो बन्नेछ । भक्तपुर नगरपालिकाले एउटा उदाहरण प्रस्तुत गरेको छ । जनताको माया प्राप्त गरेर, जनताको अगाढ स्नेह प्राप्त गरेर, जनताको साथ, समर्थन र योगदान, श्रमदानसहित कसरी हामी अगाडि बढ्दै छौँ र कसरी अगाडि बढ्न मिल्छ भन्ने बेजोड उदाहरण हामीले पाएका छौँ । त्यस अर्थमा आज उद्घाटन गरिएको 'हाडा छेँ' एउटा प्रतीक या उदाहरणको रूपमा प्रस्तुत गर्न सकेको खण्डमा धेरैका निम्ति प्रेरणादायी बन्ने निश्चित छ ।

हाम्रो भक्तपुरको एउटा सपना छ । हाम्रा अध्यक्षज्यूले देख्नुभएको एउटा सपना छ - 'सय वर्षपछिको भक्तपुर' । त्यतिखेर हाम्रा घरहरू कस्ता हुनेछन् ? हाम्रा टोलहरू कस्ता हुनेछन् ? संस्कृति तथा सम्पदाहरूको स्थिति कस्तो हुनेछ ? विश्वजगतसँग भक्तपुरको अन्तरक्रिया, भक्तपुरको शान, भक्तपुरको महत्ता कस्तो हुनेछ ? भक्तपुरको योगदान कस्तो हुनेछ ? हाम्रा अध्यक्षज्यूले देख्नुभएको सपनाको एउटा अंश, एउटा उदाहरण, एउटा पाइला यो पनि हो । देशको निम्ति गर्व गर्न लायक एउटा वास्तुकला प्रस्तुत गऱ्यौँ भन्ने लाग्दछ । यसले 'सय वर्षपछिको भक्तपुर' को सपना एक-एक पाइला गर्दै अगाडि बढ्दै छ भन्ने सङ्केत गर्दछ ।



यो देशको मात्र होइन संसारकै सम्पदा, मौलिक कला–संस्कृति संरक्षित सहर भक्तपुर हो भन्दा हामीलाई गर्वको अनुभूति मिल्छ । यस विषयमा इतिहासका जानकारहरू, विश्व सभ्यताका अध्येताहरूले एकदिन स-प्रमाण विभिन्न लेखहरू, विभिन्न रचनाहरू लेख्नुहुने विश्वास छ ।

भक्तपुर नगरपालिकाले नयाँ पुस्ताका निम्ति निरन्तर बहुमूल्य उपहारहरू हस्तान्तरण गर्दै आइरहेको छ भन्दा अतिशयुक्ति नहोला । नयाँ पुस्ताको निम्ति सुन्दर वास्तुकला, सुन्दर कलाकृतिहरू र विश्वमा अन्यत्र कतै पनि नपाइने सम्पदाहरूको निर्माण, जीर्णोद्धार र हस्तान्तरण गर्ने काम भक्तपुर नगरपालिकाले अथक रूपमा गर्दै छ । यी सबै नयाँ पुस्ताको निम्ति हुन् । नयाँ युगका निम्ति हुन् । नयाँ युगको सेवा भनेको भाषण होइन, त्यो खालि नाराबाजी पनि होइन, व्यवहार र काम हो । त्यस आधारमा भन्नुपर्दा हामी गर्वका साथ भन्छौँ, भक्तपुर नगरपालिकाले इमानदारीतापूर्वक नि:स्वार्थ रूपमा नयाँ युगको सेवा, नयाँ पुस्ताको सुन्दर भविष्यका निम्ति सुझबुझपूर्ण ढङ्गमा पाइला चाल्दै छ । अरू धेरैले यसरी नै चालेको खण्डमा यो देश अझै पनि जाग्नेछ, उठ्नेछ र यो देश गौरव गर्न लायक अझ पनि बन्नेछ भन्ने हामीलाई लाग्दछ ।

विभिन्न तत्त्वबाट र यता-उताबाट हाम्रा मौलिक कला, सम्पदा र संस्कृतिमाथि हमला हुँदै छ । मौलिक कला, संस्कृति, सम्पदा म्हास्ने र त्यसमाथि हमला गर्ने कामहरू भइरहँदा त्यसको प्रतिकार शब्दमा होइन, हामी व्यवहारमा गर्दै छौँ । हाम्रा मौलिक कला, संस्कृति सम्पदाहरू जगेर्ना गर्नु हाम्रो परिचय जोगाउनु हो । हाम्रो सभ्यता जोगाउनु हो । हाम्रो इतिहास जोगाउनु हो । त्यो काममा भक्तपुर नगरपालिका र हामी जनता एकजुट भएर लाग्दै छौँ । मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण आफैमा पनि एउटा गर्व गर्न लायक कार्य हो । आज जनतासँग मिलेर भक्तपुर नगरपालिका गर्दै छ । यो आफैंमा पनि एउटा सुन्दर उदाहरण हो । मौलिक कला, संस्कृति सम्पदाको संरक्षण भनेको सभ्यताको निम्ति एउटा इँटा थप्ने पाइला हो । त्यसको विनाश, सम्पदा जलाउने काम, सम्पदा म्हास्ने काम, सम्पदा नजोगाउने काम भनेको असभ्यता हो । बर्बरता हो । त्यो असभ्यताको प्रमाण हो । सम्पदा जलाउने कार्यको विरूद्धमा हामीले उठायौँ 'हाडा छेँ' । त्यस आधारमा भक्तपुरका सचेत तथा सहयोगी जनताप्रति हामी बधाई ज्ञापन गर्दछौँ ।

वास्तवमा इतिहास नभएको सहर हुँदैन । सहरसँग इतिहास हुन्छ । मुख्य कुरा इतिहास हराउन दिनुहुँदैन । इतिहास हराएको खण्डमा हाम्रो परिचय पनि हराउनेछ । सहरले जीवन पनि गुमाउनेछ । त्यसकारण, आज हामी इतिहास जोगाउने कार्य जनतासँग मिलेर सुझबुझका साथ गर्दै छौँ । यस्ता निर्माणहरूमा सहयोग गर्ने हाम्रा डकर्मी, सिकर्मी, मजदुरहरू, दाजुभाइ–दिदीबहिनीहरूलाई पनि हार्दिक-हार्दिक बधाई ज्ञापन गर्द छौँ ।

इतिहासमा जवानी थप्न आवश्यक छ । इतिहासलाई बुढो भएर मर्न दिनुहुँदैन । इतिहासमा जवानी थप्ने भनेको यहीं किसिमका अभ्यासहरूबाट हो । त्यसकारण, आज हामीले इतिहासलाई, समाजलाई हेर्नलायकको र जीउँदोजाग्दो बनाउने काम गऱ्यौँ । जसरी हामी 'त्वा:देवा' मा तेल थप्दै गर्छौँ, त्यसरी नै सहरको जीवनमा तेल थप्ने काम गरिरहेका छौँ । त्यसलाई निरन्तरता हामी जनतासँग मिलेर दिँदै जानेछौँ । अरू कोही कसैसँग हात थापेर होइन ।

इतिहासमा जवानी थप्न आवश्यक छ । इतिहासलाई बुढो भएर मर्न दिनुहुँदैन । इतिहासमा जवानी थप्ने भनेको यहीं किसिमका अभ्यासहरूबाट हो । त्यसकारण, आज हामीले इतिहासलाई, समाजलाई हेर्नलायकको र जीउँदोजाग्दो बनाउने काम गऱ्यौँ । जसरी हामी 'त्वा:देवा' मा तेल थप्दै गर्छौँ, त्यसरी नै सहरको जीवनमा तेल थप्ने काम गरिरहेका छौँ । त्यसलाई निरन्तरता हामी जनतासँग मिलेर दिँदै जानेछौँ । अरू कोही कसैसँग हात थापेर होइन । अथवा भनौँ, जसले हाम्रो सम्पदा विनास गर्न खोज्दछ, हाम्रो संस्कृतिमाथि हमला गर्न खोज्दछ, हाम्रो पूर्वीय संस्कृतिमाथि हमला गरेर पश्चिमाकरण जसले गर्न खोज्दछ, ती नै पश्चिमाहरूको समक्ष हात फिजाएर होइन । जनतासँग हातमा हात मिलाएर जसरी हामीले इतिहास, संस्कृति जोगाउने काम गर्दै छौँ, यो विरलै मात्र पाइने अभ्यास या उदाहरण हो । त्यस अर्थमा पनि हामी सबैले यो भावनालाई अझ अगाडि बढाउन आवश्यक छ ।

सम्पदाविनाको समृद्धिको कुनै अर्थ हुँदैन । समृद्धि प्राप्त भइसकेपछि पनि सम्पदा जोगाउन नसक्नु, सम्पदातर्फ ध्यान नदिनु भनेको फेरि पनि त्यो असभ्यता नै हो । फेरि पनि त्यस्तो समृद्धिको अर्थ हुँदैन । त्यसकारण समृद्धिसँगै सम्पदाहरू जोगिनुपर्दछ । सम्पदाहरू जोगाइरहँदा समृद्धितर्फको यात्रा पनि तय गर्न आवश्यक हुन्छ । त्यसको निम्ति जनसहभागिता, जनश्रमदान, जनतासँगको एकमनको एकतासहित हाम्रा पाइलाहरू अगाडि बढ्दै छन् । यी पाइलाहरू अनवरत रूपमा अगाडि बढ्दै जाऊन्, त्यसको निम्ति समेत शुभकामना ।

*(भक्तपुर नगरपालिकाले गत जेठ ६ गते 'हाडा छेँ' पुन: निर्माण सम्पन्न गरी उद्घाटन समारोह सम्पन्न गऱ्यो । मौलिक वास्तुकला तथा परम्परागत प्रविधि एवम् वस्तुहरूको प्रयोग गरी पुन:निर्माण गरिएको सो भवन नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँज्यूले उद्घाटन गर्नुभयो । सो अवसरमा नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले व्यक्त गर्नुभएको विचारको सम्पादित अंश)*

# कानुन पढ्न चाहने विद्यार्थी भाइबहिनीहरूलाई सुझाव



**रामप्रसाद प्रजापति**

"मानिसहरूले निन्दा गरून् वा प्रशंसा, धन आओस् वा जाओस्, मृत्यु आजै होस् वा धेरैपछि,

धीर (सिद्धान्तमा अडिग/प्राज्ञ) मानिस न्यायको बाटोबाट एक कदम पनि विचलित हुँदैनन् ।"

**न्याय व्यवस्था तराजुजस्तो**

कानुनको अन्तिम उद्देश्य न्याय हो । सामान्य अर्थमा न्याय भनेको प्रत्येक व्यक्तिलाई उसको हक, अधिकार र योग्यताअनुसार उचित व्यवहार र निर्णय दिनु हो । राज्यले कानुनमार्फत नागरिकको अधिकार संरक्षण गर्नु र विवादको निष्पक्ष समाधान गर्नु पनि न्याय हो ।

सन्तुलन कायम राख्न सक्यो भने समाजमा न्याय व्यवस्थाप्रतिको विश्वास बढ्छ ।

उदाहरणको लागि कसैले अरुको सम्पत्ति जबरजस्ती कब्जामा लियो भने फिर्ता गराउनु न्याय हो । निर्दोषलाई सजाय नदिनु र दोषीलाई कारबाही गर्नु पनि न्याय भनिन्छ ।

मौलिक अधिकारको संरक्षण, पारदर्शिता र जनताप्रति जवाफदेहिता न्यायका मुख्य आधारहरू हुन् । जुन वर्तमान समयमा निकै कमजोर हुँदै गएको देखिन्छ ।

यस्तो समस्याको समाधान वा उपचार प्राज्ञ, इमानदार कानुनकर्मी वा कानुनसेवीहरूले मात्रै गर्न सक्दछ । त्यसैले कानुनसेवीहरूलाई सामाजिक अभियन्ता (Social Engeeniers) पनि भनिन्छ ।

न्याय र समतामूलक समाज निर्माण गर्न आवश्यकताअनुसारको कानुन निर्माण, समयानुकूल संशोधन, परिमार्जन गर्न कानुनसेवीहरूको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । त्यसैले वर्तमानमा पनि कानुन विषयको अध्ययन अध्यापनको महत्त्व झन्झन् बढेको मान्न सकिन्छ ।

**कानुन अध्ययनपछि के गर्ने ?**

कानुन पढ्ने अधिकांश विद्यार्थीहरूको पहिलो रोजाइ वकालत गर्नु रहेको पाइन्छ । तर, वकालत सजिलो र सरल काम भने होइन । यो निरन्तर अध्ययन र सक्रिय अभ्यासको आवश्यकता पर्ने क्षेत्र हो ।

सुरु सुरुमा वकालत गर्दै जाँदा जित्नुपर्ने मुद्दामा पनि हार व्यहोर्नुपर्ने हुन सक्छ । कहाँ के कमजोरी भयो ? बुझेर अघि बढ्नुपर्ने हुन्छ, निराश हुनु हुँदैन । मुद्दा हार्नुपर्ने होइन, आफूलाई थाहा हुन्छ तर विविध कारणहरूमध्ये के कुन कारणले मुद्दा हारेको भन्ने थाहा हुन्न ।

मुद्दाका कारबाहीको सिलसिलामा पक्षलाई मात्र होइन, वारेस वा कानुन व्यवसायीको हैसियतले सामान्यभन्दा सामान्य काम कुरा ( जस्तै : साधारण तारेख, सामान्य निवेदन दर्ता, नक्कल सार्ने, तारेख थाम्ने, निवेदन पेशी) का लागि पनि दिनभरि कुर्नुपर्ने, कर्मचारी, पक्ष वा विपक्षीका नानाथरीका कुरा सुन्नुपर्ने हुन सक्छ ।

अर्को पक्षका मानिसहरूले विपक्षीको वकिल भनेर फरक व्यवहार गर्ने, कुरा काट्ने गर्न सक्छ । कहिलेकाहीँ कुनै सेवाग्राहीले त यो वकिलले गर्दा मुद्दा लाएको, मुद्दा हराएको भन्ने जस्ता आरोप समेत लगाउन सक्छ ।

अर्को पक्षसँग पैसा खायो होला भन्ने झूटा आक्षेप आइलाग्न सक्छ । तैपनि, अविचलित न्यायको कर्ममा लाग्नुपर्ने वकालत पेसाको धर्म हो ।

एउटा सामान्य मुद्दा वा निवेदन दर्ता गर्न पनि धेरै दिन आलताल र हैरानी पाउनुपर्ने हुन सक्छ । अर्को पक्षको कानुन व्यवसायीले अनावश्यक मुद्दा मामिला दायर गरी झन्झट र दुःख दिन सक्छ ।

त्यसैले कानुन व्यवसायी अर्थात् कानुनसेवीको पेसालाई हाम्रो समाजमा जस पाउने पेसा होइन भन्ने गरिन्छ ।

मुद्दा हारेको पक्षले त तपाईंकै कमजोरीको कारणले मुद्दा हारेको आरोप लगाउन सक्छ । विपक्षीसँग मिलेर वा विपक्षीसँग पैसा खाएर मुद्दा हराइदिएको झूटा आक्षेप लगाउन सक्छ । तपाईंकै कमजोरीका कारणले मुद्दा हारेको भन्दै पारिश्रमिक मात्रै नदिने होइन, उल्टै क्षतिपूर्ति चाहिने कुरा गर्न सक्छ । त्यस्ता पक्ष वा सेवाग्राहीलाई कसरी सम्झाउने होला ? वकालत चुनौतीपूर्ण पेसा व्यवसाय पनि हो ।

त्यसैले तपाईंले वकालत कर्म गर्नका लागि धेरै वर्षको अध्ययन, मेहेनत र परिश्रम गर्नुभएको छ भने त्यही कुरामा निखार ल्याउने र तपाईंसँग भएको कानुनको ज्ञानरूपी गुणले देश र जनताको सेवा गर्न सकिन्छ भन्ने दृढ निश्चयी भएर न्यायको बाटोमा अविचलित अगाडि बढ्न सकिन्छ ।

यस्तो अवस्थाको कुरा गर्दै गर्दा 'बेकारमा कानुन पढेको' भन्ने पनि पर्न सक्ला । तर, कानुन सबैको लागि आवश्यक पर्ने आधारभूत सामाजिक विज्ञानको एउटा महत्त्वपूर्ण विषय हो । मजदुर, किसान, शिक्षक, कर्मचारी, इन्जिनियर, चिकित्सक, उद्योगी, व्यापारीलगायत जुनसुकै पेसा व्यवसायका व्यक्तिहरूले कानुनको आधारभूत ज्ञान राख्न आवश्यक हुन्छ ।

'कानुनको अज्ञानता क्षम्य हुँदैन' भन्ने कानुनको आधारभूत सिद्धान्तका बारेमा भाइबहिनीहरूलाई मैले धेरै चर्चा गरिरहनुपर्ने आवश्यकता छैन ।

कानुनका विद्यार्थीहरूले नै समाजमा व्याप्त समस्या समाधानका लागि कस्तो कानुन निर्माणको आवश्यकता छ । समाजलाई कुन बाटोमा अगाडि बढाउन कस्तो कानुन निर्माण गर्नुपर्छ ? भन्ने ज्ञान कानुनका विद्यार्थीहरूसँग नै हुने हो ।

**विकल्प धेरै हुनसक्छ**

कानुन अध्ययन गरेका भाइबहिनीहरूले वकालत नै मात्र रोज्नुपर्ने अवस्था पनि छैन । वकालत क्षेत्रमा माथि उल्लेख गरेका कैयौं समस्या छन् तर त्यसलाई सुधार गर्न पनि राम्रो वकालत गर्ने इमानदार वकिल/कानुनसेवीहरूको आवश्यकता छ ।

प्रशिक्षक वा परामर्शदाताको रूपमा पनि आफूलाई स्थापित गर्न सकिन्छ । निरन्तर बहुसङ्ख्यक किसान र मजदुरहरूको पक्षमा वकालत गर्नुका साथै सर्वसाधारण जनतालाई कानुनका आधारभूत ज्ञान दिन र समाजमा व्याप्त कुरीति, कुसंस्कार, विकृति, विसङ्गति हटाउनुका साथै अन्यायपूर्ण समाजलाई न्यायपूर्ण बनाउन निरन्तर परामर्श, प्रशिक्षण र अभिमुखीकरण गर्दै जान सकिन्छ ।

अहिले एआईको समय सुरु भएको छ । उद्योग, वाणिज्य, सैन्य रणनीति, विदेश सम्बन्ध, सन्धि सम्झौता, व्यापार व्यवसाय, कर कानुन, करारलगायतका क्षेत्रमा काम गर्न दक्ष कानुनसेवीहरूको माग बढ्दो छ ।

प्रहरी प्रशासनमा पनि इमानदार अनुसन्धानकर्ताहरूको कमी महसुस गर्ने गरेको पाइन्छ । प्रहरीले आफ्नो अधिकारको दुरुपयोग गर्ने गरेको देख्दा प्रहरीलाई 'रक्षक हो कि भक्षक' भन्ने गरेको पनि सुनिन्छ । प्रहरीले आफ्नो इज्जत जोगाउन 'प्रहरी हाम्रो साथी, मुस्कानसहितको सेवा' जस्ता नारा दिने गरेको छ । तर, केही थोरै बदमास प्रहरी अधिकारीहरूका कारण प्रहरी प्रशासन नै बदनाम भइरहेको हामी देख्छौं ।

राष्ट्रसेवक कर्मचारी भएर पनि देश र जनताको सेवा गर्न सक्छौं । शक्ति नै भक्ति भन्दै सत्ता र राजनीतिक शक्तिको आडमा जागिर खाने कर्मचारीहरूबाट धेरै आशा गर्नु बेकारजस्तै छ । उनीहरू आफ्ना मालिकको हितका लागि जे पनि गर्न सक्छन् ।

देश र जनताको निःस्वार्थ सेवा गर्ने राष्ट्रसेवक कर्मचारी हुन् । विदेशीहरूले अनुचित प्रभावमा पारेर नेपाल र नेपालीलाई घाटा र आफूहरूलाई सामरिक तथा व्यापारिक रूपमा फाइदा हुने सन्धि सम्झौता गर्न गराउन सक्छन् । यस्तो अवस्थामा देशको प्रतिनिधित्व गर्ने हैसियत कर्मचारीहरूले पनि राख्न सकिने हुँदा देशको अहितमा हुने कुनै पनि सन्धि सम्झौता नगर्न सचेत पार्ने वा जनतामाझ स्पष्ट गर्न सकिन्छ ।

यसरी इमानदार कर्मचारी भई सेवाग्राही तथा सर्वसाधारण जनतालाई निःस्वार्थ रूपमा सेवा गर्दा अन्यायमा परेका, अड्डा अदालतको, प्रहरी प्रशासनको झन्झटिलो परिस्थितिलाई बदलेर सेवाग्राहीले आफ्नो घाउमा मल्हम लगाउन पाएको जस्तै शीतलता महसुस गर्नेछ ।

राजनीतिमा पनि कानुनका विद्यार्थीहरूको संलग्नता आवश्यक छ । राजनीति सत्ता र सरकारमा पुग्ने उद्देश्यले गर्ने गर्दछ । सत्ता र सरकारमा पुगेपछि कस्तो कानुन निर्माण गर्ने, जनताको सर्वोत्तम हितका लागि आवश्यक कानुन के के हो ? भन्नेजस्ता कुराहरू कानुन अध्ययन गर्ने विद्यार्थीहरूले अझ राम्रोसँग बुझ्न सक्ने हुँदा जनप्रतिनिधिहरू कानुनका विद्यार्थी हुँदा सुनमा सुगन्ध हुन्छ ।

सरकारको नीति निर्माण गर्ने ठाउँमा होस् वा जनप्रतिनिधिको रूपमा कानुन निर्माण गर्ने संसद्मा कानुन अध्ययन गरेका प्रतिनिधिले अझ बढी योगदान गर्न सक्छ । यसरी कानुनका विद्यार्थीहरूले जनप्रतिनिधि भएर पनि सेवा गर्न सकिन्छ ।

संसद्मा हरेक कानुनको अध्ययन, छलफलमा भाग लिने, जनपक्षीय कानुन निर्माणका लागि आवश्यक संशोधन पेस गर्ने, संसद्मा सार्वजनिक सरोकारको बारेमा आफ्नो र दलको धारणा राख्ने, हरेक पटक देशको सार्वभौमसत्ताको रक्षा र जनताको निःस्वार्थ सेवाको लागि दबाब दिने गरेको पाउँछौं ।

**समाजवादी ऐन कानुनको अध्ययन गर्नुपर्ने**

देशको सार्वभौमसत्ताको रक्षाका लागि, देशको सम्पूर्ण प्राकृतिक स्रोत साधन राज्यले मात्रै सञ्चालन गर्न पाउने, जनताका लागि अति आवश्यक शिक्षा, स्वास्थ्य उपचार निःशुल्क हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको व्यवस्था हुनुका साथै रोजगारीको सुनिश्चितता हुने, व्यक्तित्व विकासमा हुने खाने र हुँदा खाने समेतले समान अवसर पाउने व्यवस्थाको ग्यारेन्टी गर्ने कानुन समाजवादी व्यवस्थामा मात्रै सम्भव छ ।

अरुलाई काम गराई, दिनुपर्ने ज्यालामा समेत कमिसन खाएर गरिने शोषणको अन्त्य गर्ने, शोषणविरुद्ध कडा कानुन निर्माण समाजवादी व्यवस्थामा मात्रै सम्भव देखिन्छ । शोषण गरेरै नाफा कमाउने कुरा पुँजीवादी व्यवस्थाको छाया हुने गर्दछ ।

त्यसैले कानुन पढ्न चाहने विद्यार्थी भाइबहिनीहरूले आफ्नो पाठ्यक्रममा अध्ययन गर्नुपर्ने सन्दर्भ पुस्तकहरूबाहेक सुरुदेखि नै समाजवादी देशहरूको संविधान, ऐन कानुनहरूको पनि अध्ययन गर्नु जरुरी छ ।

पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थामा निर्माण गरिएका नीति नियम, ऐन कानुनहरूको तुलनात्मक अध्ययन गर्दै व्यापक काम गरी खाने जनताको पक्षमा निरन्तर वकालत गर्नुका साथै देश र जनताको निःस्वार्थ सेवामा निरन्तर सङ्घर्ष गर्न सक्नुपर्छ ।

वरिष्ठ राजनीतिज्ञ एवं श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेंले "कानुन पढ्नु भनेको केवल डिग्री हासिल गर्नु होइन, यो देश र जनताको सेवा गर्ने एक पवित्र दायित्व हो" भनी बताउनुभएको छ । त्यसैले कानुनका विद्यार्थीहरू सधैँ सचेत र सजग रहनुका साथै समाजमा न्याय स्थापना गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्न अग्रसर हुनुपर्दछ ।

*२०८३ जेठ ३*

# कोल्ड, इनर्जी ड्रिंकले जीवन चिसोसोसो बनाउँछ

✍ **अरूणा उप्रेती**


अहिले गाउँदेखि सहरसम्म नै 'इनर्जी' बढ्ने आशामा यस्ता अखाद्य पेय पदार्थहरू प्रयोग गर्ने फेसन नै बनेको छ । अहिले ट्रेकिङ गर्ने, हिमाल चढ्ने वा खेतबारीमा काम गर्नेहरूले पनि अत्याधिक रूपमा इनर्जी ड्रिंक प्रयोग गर्न थालेका छन् । त्योभन्दा बढी नवयुवाहरू यस्ता पेय पदार्थमा बढी आकर्षित भएको देखिन्छ । सहरी क्षेत्रमा इनर्जी ड्रिंक्सको असरप्रति उपभोक्ता सचेत हुन थाले पनि ग्रामीण क्षेत्रमा यस्ता पेय पदार्थ निर्वाधरूपमा बिक्री हुने गरेका छन् ।

विभिन्न ठाउँ तथा परिवेशमा मानिसहरूले यस्ता ड्रिंकहरूले शरीरलाई तागत दिने वा फूर्तिलो बनाउने आशामा प्रयोग गरिरहेका हुन्छन् ।

आकर्षक प्याकेजिङ, युवापुस्तालाई लक्षित आक्रामक विज्ञापन र तुरुन्त ऊर्जा दिने दाबीका कारण यसको प्रयोग किशोर-किशोरी, बालबालिका तथा वयस्क सबै उमेर समूहमा बढ्दो क्रममा छ । बजारमा एक्ट्रिम, रेडबुलजस्ता पेय पदार्थहरूको माग बढ्दो क्रममा रहेको छ । विशेष गरेर बालबालिकाहरू वा युवा पुस्ताहरू यसको फ्यान भन्दै गएका छन् । यस्ता ड्रिंकहरूले बजारमा गरेका विज्ञापनमा उत्तिखेर नै व्यापक तागत दिने खालका प्रचार गर्दा पनि युवाहरू यसप्रति आकर्षित भएका हुन् ।

यस्ता इनर्जी ड्रिंकहरूले मानिसको स्वास्थ्यमा गम्भीर असर पारेको हुन्छ । यस्ता खानेकुराहरूमा मिसाइएको विभिन्न प्रकारका रसायनहरूले गर्दा मानिसलाई विस्तारै कमजोर बनाउँदै लैजान्छ ।

इनर्जी ड्रिंकहरूमा थोरै थोरै अल्कोहलको मात्रा पनि भएका कारण यस्ता ड्रिंकहरू नियमित प्रयोग मानिसहरूलाई यसको लत बस्दै जान्छ, जसले गर्दा विस्तारै यसकै तलतलमा कुलतमा फस्ने सम्भावना बढी हुन्छ ।




अहिले जीम जाने मानिसहरूले पनि यस्ता इनर्जी ड्रिंकहरू प्रयोग गरिरहेका हुन्छन् । तर, त्यसमा पानीको मात्रा बढी नहुने साथै मानिसको शरीरलाइ हाइड्रेड बनाउने काम पनि नगर्ने हुँदा यस्ता पेय पदार्थहरू पिउने र पानी नपिउने गर्नाले मानिसहरू बेहोस हुने सम्भावनाहरू उत्तिकै रहेको छ ।

यस्ता पेय पदार्थमा कार्बोनेटेड पानी, उच्च मात्रामा चिनी (विशेषगरी ग्लुकोज-फ्रुक्टोज सिरप), क्याफिन, भिटामिन, खनिज, एसिडिटी रेगुलेटर तथा विभिन्न कृत्रिम रङ र फ्लेवर मिसाइएको पाइन्छ । यीमध्ये क्याफिन र चिनी नै स्वास्थ्य जोखिमका मुख्य कारक मानिन्छन् । उच्च मात्रामा क्याफिन सेवन गर्दा स्नायु प्रणाली अत्यधिक उत्तेजित भई मुटुको धड्कन बढ्ने, रक्तचाप उच्च हुने, निद्रा बिग्रने र मानसिक असन्तुलन देखिने सम्भावना हुन्छ । त्यस्तै, चिनीको अत्यधिक प्रयोगले मोटोपना, मधुमेह र मेटाबोलिक समस्याको जोखिम बढाउँछ ।

यसमा कुनै पनि शरीरलाई चाहिने पौष्टिक तत्त्व नहुनाले नियमित सेवनले मोटोपन हुने शरीरका हड्डीहरू कमजोर हुने पेट वरिपरि बोसो जम्ने, इन्सुलिन प्रतिरोध बढ्ने र अन्ततः मधुमेहको जोखिम निम्त्याउन सक्छ । जसले गर्दा युवतीहरूमा महिनावारीको समस्या हुने, प्रजनन क्षमतामा कमजोर हुने जस्ता समस्या देखिन थाल्छन् ।

यस्ता पेय पदार्थहरू ठूला कलाकारहरूले नै खाएर विज्ञापन गर्ने गरेकाले आम उपभोक्तामा बढी प्रभाव पर्ने गरेको छ । 'त्यत्रा कलाकारहरूले त खाइरहेका छन्, हामीले किन खान नहुने ? भन्ने दगत, विज्ञापन गर्ने कलाकारहरूले नै यस्ता पेय पदार्थ आफूले सेवन नगर्ने ?!.

युवाहरूले आफ्नो शक्ति बढाउन भन्दै विभिन्न इनर्जी ड्रिंकहरू सेवन गर्ने गरेका छन् । त्यसले पनि सेवन गरेकै समयमा शक्ति दिएको जस्तो महसुस गरे तापनि पछि त्यसले मानिसहरूलाई दीर्घ रोगको सिकार बनाउने कुराको कुनै दुविधा नरहेको उनको भनाइ छ । अहिले आम मानिसहरू ५० वर्षको उमेरमा नै विभिन्न रोगको शिकार बनिरहेको तथ्याङ्क पनि छ ।

# विश्वको शताब्दी परिवर्तनमा रहेको महत्त्वपूर्ण स्थिरता




पेइचिङ, (सीआरआई) मे १९ तारिखदेखि २० तारिखसम्म रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले चीनको राजकीय भ्रमण गर्दै उल्लेखनीय उपलब्धि प्राप्त गर्नुभएको छ। भ्रमण अवधिमा दुवै देशका राष्ट्रनायकले भेट-वार्ता गर्दै अनेकन् महत्त्वपूर्ण विषयहरूबारे रणनीतिक समन्वय गरी चीन रूस सम्पूर्ण रणनीतिक सहयोगात्मक समभ्रुदारी सम्बन्धलाई अघि बढाउनका लागि नयाँ मतैक्यता प्राप्त गर्नुभएको छ।

चालु वर्ष चीन रूस रणनीतिक सहयोगात्मक साझेदारी सम्बन्ध स्थापनाको ३० औं वर्षगाँठ हुनुका साथै चीन रूस असल छिमेकी मैत्रीपूर्ण सहकार्य सन्धि सम्पन्न भएको २५ औं वार्षिकोत्सव पनि हो। बितेका समयबाट हेर्दा राष्ट्रनायक कूटनीतिले सधैं नै नयाँ युगमा चीन रूस सम्बन्धको विकासलाई सही दिशा देखाउँदै आएको छ।

नयाँ शुरूवातमा उभिँदा दुवै पक्षले दुई देशका राष्ट्रनायकबिच सम्पन्न महत्त्वपूर्ण मतैक्य बमोजिम अझ उच्च गुणस्तरीय सम्पूर्ण रणनीतिक सहकार्यलाई प्रबर्द्धन गर्दै अझ दृढताका साथ "विश्व सय वर्षको परिवर्तनमा रहेको महत्त्वपूर्ण स्थिर मात्रा" भन्ने भूमिका निर्वाह गर्दै जानेछन्।

यसैबिच विश्व सिर्जनशील नेटवर्कमा मिसिएर अन्तर्राष्ट्रिय सहकार्य चलाउन चीनद्वारा चिनियाँ व्यवसायलाई समर्थन गरेको छ।

चीनको राष्ट्रिय विकास र सुधार समितिले मे २२ तारिख पत्रकार सम्मेलनको आयोजना गरेको छ।

प्रेस प्रवक्ताले जनाए अनुसार, वैदेशिक खुलापन नै चीनको आधारभूत राष्ट्रिय नीति हो। विश्व सिर्जनशील नेटवर्कमा मिसिएर आपसी हितयुक्त र साझा जीत हुने अन्तर्राष्ट्रिय आदान प्रदान र सहकार्य चलाउन चिनियाँ व्यवसायलाई समर्थन दिइनेछ।

कहिल्यै पनि चिनियाँ विज्ञान प्रविधि व्यवसायलाई विदेशी वाणिज्यको लगानीलाई स्वीकार नगर्न आग्रह नगरिएको भन्दै प्रवक्ताले वैदेशिक व्यापारीले लगानी लगाउँदा चिनियाँ ऐन र कानुनी नियमको अक्षरशः पालना गर्दै चीनको राष्ट्रिय सुरक्षा र हितलाई बिगार्न नहुनेमा भने जोड दिइएको बताए।

# मध्यपूर्व युद्धबिच पनि हज यात्रीको सङ्ख्यामा वृद्धि

मक्का, ९ जेठ (एएफपी)। अमेरिका-इजरायलले फेब्रुअरी २८ मा इरानमाथि हवाई आक्रमण गरेपछि मध्यपूर्वमा जारी तनावबिच यो वर्ष साउदी अरबको मक्कामा हज यात्रामा आउने इस्लाम धर्मावलम्बीहरूको सङ्ख्या गत वर्षको तुलनामा बढी देखिएको छ।

साउदी अधिकारीका अनुसार आगामी हजका लागि साउदी अरब बाहिरबाट १५ लाखभन्दा बढी तीर्थयात्रीहरू यहाँ आइपुगेका छन्।

फेब्रुअरीको अन्त्यमा इरानमा अमेरिका र इजरायलले गरेको आक्रमणबाट सुरु भएको द्वन्द्वपछि तेहरानले साउदी अरब र खाडी क्षेत्रका लक्ष्यहरूमा आक्रमणको आदेश दिएको थियो। आक्रमणका कारण व्यापक हवाई यातायात अवरोधलाई निम्त्याएको थियो र यात्रा लागत बढेको थियो।

संयुक्त अरब इमिरेट्स (युएई), कतार र बहराइनका प्रमुख खाडी विमानस्थलहरूले हप्तौंको हवाई क्षेत्र बन्द र उडान रद्द भएपछि उनीहरूको परिचालन क्षमतालाई द्रुत रूपमा पुनर्स्थापना गर्न काम गरेका छन्।

जटिलताका बाबजुद यस वर्षको हजमा सहभागी हुन साउदी अरबमा तीर्थयात्रीहरूको ओइरो लाग्ने क्रम जारी छ।

साउदी अरबको हज पासपोर्ट बलका कमान्डर सालेह अल-मुरब्बाले शुक्रबार राति आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "विदेशबाट आउने तीर्थयात्रीको सङ्ख्या एक लाख १८ हजार १५३ पुगेको छ।

सोमबार हज सुरु हुने औपचारिक अनुष्ठानअघि विदेशबाट तीर्थयात्रीहरू आउने क्रम जारी रहेकाले आगामी दुई दिनमा यो तथ्याङ्क अझ बढ्ने अपेक्षा गरिएको छ।

गत वर्ष हजमा आउने तीर्थयात्रीहरूको कुल सङ्ख्या १६ लाख ७३ हजार ३२० पुगेको थियो, जसमा साउदी अरब बाहिरबाट १५ लाख छ हजार ५७६ यात्रु रहेका थिए।

सबै मुस्लिमहरूले इस्लामका पाँच खम्बाहरूमध्ये एक हजको यात्रा कम्तीमा एक पटक साधनाका साथ गर्नुपर्ने धार्मिक विश्वासका कारण बर्सेनी हज यात्रा गर्ने इस्लाम धर्मावलम्बीहरूको सङ्ख्यामा वृद्धि हुने गरेको पाइन्छ।


# इबोला सङ्क्रमित मुलुकबाट अमेरिका प्रवेशमा प्रतिबन्ध

लस एन्जलस (अमेरिका), ९ जेठ (सिन्हवा)। अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) ले कानुनी मान्यता प्राप्त स्थायी बासिन्दाहरू (ग्रीन कार्ड धारकहरू) लगायतका अमेरिका प्रवेश गर्ने मानिसहरूलाई पूर्वी र मध्य अफ्रिकामा चलिरहेको इबोला प्रकोपका कारण अस्थायी प्रवेश प्रतिबन्ध लागु हुने जनाएको छ।

विस्तारित प्रतिबन्धअन्तर्गत अमेरिकी मावन स्वास्थ्य विभागद्वारा जारी गरिएको अन्तरिम नियमको पालना गर्दछ जसले संयुक्त राज्य अमेरिकामा खतरनाक सङ्क्रामक रोगहरूको विस्तार रोक्न सङ्घीय सार्वजनिक स्वास्थ्य निर्देशनहरू संशोधनसमेत गरेको छ।

नयाँ नियमअन्तर्गत, विगत २१ दिन भित्रको समयमा कङ्गो, युगान्डा, वा दक्षिण सुडानमा रहेका मानिसहरूलाई अस्थायी रूपमा संयुक्त राज्य अमेरिकामा प्रवेश गर्न प्रतिबन्ध लगाइने छ।

एजेन्सीका अनुसार हाल यस हप्ताको सुरुमा घोषणा गरिएको इबोला प्रकोपसँग सम्बन्धित प्रवेश प्रतिबन्धहरूको दायरा विस्तार गरेको हो। सोमबार, सीडीसीले सार्वजनिक स्वास्थ्य संरक्षणार्थ ३०-दिनको प्रतिबन्ध प्याकेजको अनावरण गरेको थियो जसमा यात्री स्क्रिनिङ र अनुगमनलाई सुदृढ पार्दै, केही गैरअमेरिकीहरूलाई अमेरिका प्रवेशमा प्रतिबन्धहरू लगाएको थियो।



नयाँ नियमले स्थायी रूपमा अमेरिका बसोबास गर्ने ग्रीन कार्ड भएकाहरूलाईसमेत संरा अमेरिका फर्कन पूर्ण रूपमा निषेध गरेको जनाएको छ। सार्वजनिक स्वास्थ्यको रक्षा गर्न र आपत्कालीन प्रतिक्रिया स्रोतहरू व्यवस्थापन गर्न आवश्यक उल्लेख गर्दै अस्थायी रूपमा प्रवेश प्रतिबन्ध गर्ने अधिकार एजेन्सीलाई प्रदान गरेको जनाइएको छ।

सीडीसीका अनुसार संयुक्त राज्य अमेरिकामा हालसम्म इबोला प्रकोपसँग सम्बन्धित कुनै घटनाहरू रिपोर्ट गरिएको छैन, भने आम जनताका लागि तत्काल जोखिम कम रहेको जनाइएको छ।

## विश्व सङ्क्षेप

### चीनको कोइला खानीमा भएको दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या ८२ : नौ जना अझै बेपत्ता

ताइयुवान, ९ जेठ (सिन्हवा)। ताइयुवानको आपत्कालीन व्यवस्थापन ब्युरोका अनुसार उत्तरी चीनको साङ्सी प्रान्तमा भएको कोइला खानी दुर्घटनामा ८२ जनाको मृत्यु भएको छ भने अन्य नौ जना अझै बेपत्ता छन्।

स्रोतका अनुसार ताइयुआन काउन्टीको लिउसेनयु कोइला खानीमा ग्यास विस्फोट भएर दुर्घटना भएको थियो। प्रान्त सरकारले उद्धारकर्ता र चिकित्सा कर्मचारीसहित ७५५ जनालाई घटनास्थलमा उद्धारका लागि तैनाथ गरेको र उद्धार कार्य जारी रहेको जनाएको छ।

कुल १२३ जनालाई उपचारका लागि अस्पताल पठाइएको मध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ भने अन्य ३३ जना घर फर्केको जनाइएको छ।

खानी दुर्घटनामा सम्बन्धित कम्पनीका जिम्मेवार व्यक्तिहरूलाई कानुन अनुसार नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको ब्यूरोले जनाएको छ।

यसैबिच मे २२ तारिख बेलुकी चीनको वल्लो शान्सी प्रान्तको छाङ च शहर मातहतको छिन युआन जिल्ला अवस्थित एक कोइला खानीमा भएको ग्यास विस्फोटनबाट मानिसको गम्भीर हताहती भएको छ।

घटनापछि चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, राष्ट्राध्यक्ष एवम् केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङले उच्च महत्त्व दिँदै महत्त्वपूर्ण निर्देशन दिनुभएको छ। उहाँ ले सक्दो ठुलो प्रयासमार्फत घाइतेलाई औषधोपचार गरी वैज्ञानिक रूपमा उद्धार गर्नुका साथै दृढताका साथ बिनाशकारी दुर्घटना उत्पन्न हुन नदिने कुरामा जोड दिनुभएको छ।

सोही दिन चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरो स्थायी सदस्य एवम् प्रधानमन्त्री ली छ्याङले पनि यस काण्डबारे आदेश दिनुभएको छ।

### रुसले कब्जा गरेको युक्रेनी कलेजमा भएको आक्रमणमा परी दस जनाको मृत्यु : गभर्नर

मस्को, ९ जेठ (एएफपी)। पूर्वी युक्रेनको रुसी कब्जामा रहेको सहरको एक कलेजमा युक्रेनी हमलामा ज्यान गुमाउनेको सङ्ख्या दश जना पुगेको मस्कोका स्थानीय अधिकारीहरूले शनिबार बताएका छन्।

आक्रमणमा ३८ जना घाइते भएको उल्लेख गर्दै ११ जना विद्यार्थीहरू बेपत्ता भएको लुगान्स्क क्षेत्रका गभर्नर लियोनिद पासेचनिकले बताउनुभएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार - शुक्रबार रातिसम्म स्टारोबिल्स्कको कलेजको छात्रावासमा ड्रोन प्रहार गरी गरेको आक्रमणको निन्दा गर्दै सेनालाई जवाफी आक्रमणको तयारी गर्न आदेश दिनुभएको छ।

उद्धारकर्ताहरूले निरन्तर उद्धार तथा भग्नावशेष सफा गर्ने काम गरी रहेको पासेनिकले टेलिग्राममार्फत जनाउनुभएको छ।

युक्रेनले सर्वसाधारणलाई लक्षित गरी आक्रमण गरेको आरोप अस्वीकार गर्दै स्टारोबिल्स्क क्षेत्रमा तैनाथ रुसी ड्रोन युनिटमा आक्रमण गरेको बताएको छ।

रुसको विदेश मन्त्रालयले यस घटनाको बदलामा युक्रेनले कडा सजाय भोग्नुपर्ने बताएको छ। युक्रेनले देशको रुसी नियन्त्रित क्षेत्रहरूलाई लक्षित गरी आक्रमण गरेर रुसी आक्रमणहरूको प्रतिशोध गरेको बताएको छ।

रुसी सेनाले आफ्नो पूर्ण आक्रमण सुरु गरेको केही समयपछि सन् २०२२ मा उक्त सहर कब्जा गरेको थियो।

### युक्रेनी ड्रोन आक्रमणले रुसी तेल डिपोमा आगलागी : मेयर

मस्को, ९ जेठ (एएफपी)। युक्रेनी ड्रोन आक्रमण पछि दक्षिणी रुसी बन्दरगाहस्थित नोवोरोसिस्कको तेल डिपोमा आगलागी भएको उक्त सहरका मेयरले शनिबार बताउनुभएको छ।

युएभी (मानव रहित हवाई ड्रोन) को भग्नावशेष तेल डिपोमा खस्दा आगलागी भएको उहाँले जनाउनुभएको छ। उहाँका अनुसार आक्रमणका कारण विभिन्न प्राविधिक तथा प्रशासनिक भवनहरूमा आगलागी भएको थियो भने ड्रोनका टुक्राहरू इन्धन टर्मिनल वरपर पनि खसेका थिए। मेयर आन्द्रे क्राभ्चेन्कोले आक्रमणमा दुई जना घाइते भएको पनि टेलिग्राममार्फत जनाउनुभएको छ।

नोभोरोसिस्कले रुसको कच्चा तेल ढुवानीको ठुलो भाग ओगट्छ भने कालो सागरमा रुसको सबैभन्दा ठुलो निर्यात केन्द्र हो।

रुसको रक्षा मन्त्रालयले आफ्नो हवाई सुरक्षाले युक्रेनबाट रातारात प्रहार भएका ३४८ वटा ड्रोनहरू रोकेको बताएको छ।

सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेदेखि युक्रेनले प्रतिक्रियास्वरूप रुसी भूभाग-भित्र नियमित रूपमा आक्रमण गर्दै आएको छ।

किएभले रुसको तेल राजस्व घटाउनका लागि ऊर्जा सुविधाहरूलाई लक्षित गरी बारम्बार लामो दूरीका आक्रमणहरू गरिरहेको बताएको छ।

# हन्टा भाइरस सङ्क्रमण र विपद्को जोखिम

✍ डा. प्रकाश बुढाथोकी

काठमाडौँ । नेदरल्यान्ड अर्थात् डच कम्पनीको एमभी होन्डियस नामक जहाज अप्रिल १ मा अर्जेन्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए ।


उक्त क्रुजशिपमा हन्टा भाइरसको एन्डिस स्ट्रेन फैलिएपछि दुई डच नागरिकसहित तीन जनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित सङ्क्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो । जहाजबाट बिचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रु र उनीहरूको सम्पर्कमा आएकालाई कन्टयाक्ट ट्रेसिङ खोजी कार्य आज पनि जारी छ । यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेन्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन् । विश्व स्वास्थ्य सङ्गठनले समेत जोखिमलाई कम तर सचेतनालाई गम्भीर रूपमा स्टेज चारमा लिँदै अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले आधिकारिकरूपमा बेलायत, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्यान्ड, स्विट्जरल्यान्ड, सिङ्गापुर र टर्कीलगायत १२ देशलाई सतर्क गराएको छ । जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्यु भएको थियो । सुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युपछि सङ्क्रमित भएको पुष्टि भएको थियो । जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनका अनुसार गत अप्रिल २४ मा सेन्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए । ती दम्पतीमध्ये श्रीमान्को जहाजमै मृत्यु भएको थियो भने पछि श्रीमतीको पनि मृत्यु भयो । जहाजबाट ओर्लिएपछि जोहोनेसवर्गमा एक सङ्क्रमितको मृत्यु, स्विटजरल्यान्डमा अर्को पुष्टि भएपछि मात्र हान्टा भाइरस भएको पुष्टि भएको हो । जहाजमा नभएकी एक महिलामा समेत शङ्कास्पद लक्षणहरू देखिएको छ र उनको परीक्षण गरिएको छ । क्यानाडामा समेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा सङ्क्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आइसोलेसनमा राखिएको छ ।

**अर्को कोभिड त होइन हान्टा भाइरस ?**

हान्टा भाइरस ब्नुन्याभिरिडी परिवारअन्तर्गत पर्ने २० भन्दा बढी भाइरसहरूको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलो पटक यो भाइरस पहिचान गरिएको थियो । अर्थोहान्टाभाइरस जेनस, हन्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हान्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन् ।

सामान्यतया सङ्क्रमित मुसा तथा अन्य रोडेन्टहरूको पिसाब, दिसा वा र्‍यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ । यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकोले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ । लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाई तथा सङ्क्रमित व्यक्तिको



शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ । धेरैजसो भेरियन्ट मानिसमा सजिलै सर्दैनन् । सर्ने भेरियन्ट पनि कोभिड-१९ जस्तै तीव्र रूपमा हावाबाट फैलिने प्रकृतिको होइन ।

सन् २०२३ मा युरोपियन क्षेत्रमा हान्टा भाइरस सङ्क्रमणबाट एचएफआरएस भएका एक हजार ८८५ केसअर्थात् प्रतिएक लाखमा ०.४ केस मात्र रिपोर्ट भएका थिए । पूर्वी एसियाका चीन र कोरियामा हरेक वर्ष हजारौँ केस रिपोर्ट हुने गर्छन् । सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ । अमेरिकामा हान्टा भाइरस सङ्क्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टि भएका छन् । मानिसबाट मानिसमा सङ्क्रमण भएको घटना दक्षिण अमेरिकामा मात्र देखिएको छ, जहाँ २०१८-२०१९ मा भएको प्रकोपमा ३४ जना सङ्क्रमित हुँदा ११ जनाको मृत्यु भएको थियो ।

**के कस्ता लक्षण हुन्छन् ?**

अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस सङ्क्रमणका जोखिम समूहमा पर्छन् । उनीहरूमा सजिलै सङ्क्रमण हुने, सङ्क्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ । वातावरणीय तथा इकोलोजिकल कारकहरूले रोडेन्टको सङ्ख्यामा असर पार्ने भएकाले सङ्क्रमणको सङ्ख्या तथा प्रकोपमा समेत प्रभाव पर्छ ।

हान्टाको एन्डिस भाइरसको दुर्लभ तर प्राथमिक सङ्क्रमण नजिक र लामो समयसम्मको मानिस-मानिस सम्पर्कबाट हुन सक्छ । दोस्रो सङ्क्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन सङ्क्रमणको सुरुआती अवस्थामा बढी सङ्क्रामक हुँदा हुने सम्भावना रहन्छ । सङ्क्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चार हप्ता लाग्छ । छिटोमा एक हप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ । यसले सङ्क्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकोले थप जोखिम बढाएको छ ।

यसमा सुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन् । पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा सङ्क्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ ।

हान्टा भाइरस सङ्क्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हान्टा भाइरस पल्मोनरी सिन्ड्रोम (एचपीएस) र हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोम (एचएफआरएस) पर्दछन् । पल्मोनरी सिन्ड्रोममा भाइरसले सिधै फोक्सोमा असर गरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदा भई बिरामीको मृत्यु हुन सक्छ । हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ । भेरियन्टअनुसार लक्षण तथा चिह्न फरक पर्न सक्छ । हान्टा भाइरसका भेरियन्टमध्ये एन्डिस स्ट्रेनमात्र मानिसबाट मानिसमा सर्ने भेरियन्ट हो । यो चिली र अर्जेन्टिनामा समय-समयमा फैलिने गरेको छ ।

**निदानका उपायहरू के हुन सक्छन् ?**

**शङ्कास्पद अवस्था :** सङ्क्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शङ्कास्पद वा सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडीभी सङ्क्रमणका शङ्कास्पद लक्षण भएका व्यक्ति ।

**सम्भावित अवस्था :** शङ्कास्पद अवस्थाका लक्षण तथा चिह्न भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, सङ्क्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति ।

**पुष्टि भएको अवस्था :** आरटी-पीसीआर वा सेरोलोजी परीक्षणबाट एएनडीभी सङ्क्रमण पुष्टि भएको व्यक्ति ।

**समस्या नदेखिएको अवस्था :** शङ्कास्पद वा सम्भावित भए पनि आरटी-पीसीआर वा सेरोलोजी परीक्षणमा एएनडीभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम ओथारो अवधि पार गरिसकेको व्यक्ति ।

**उपचार कसरी हुनसक्छ ?**

हान्टा भाइरस सङ्क्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एन्टिभाइरल उपचार उपलब्ध छैन । सङ्क्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचार मात्र गरिन्छ । अफवाह तथा सामाजिक सञ्जालको भ्रममा परी अनावश्यक आतङ्कित हुने वा गराउने काम गर्नु हुँदैन । सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामा मात्र विश्वास गर्नुपर्छ ।

रोडेन्टबाट सर्ने रोगहरू, स्क्रब टाइफसलगायतका रोगहरूको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ । यसले भविष्यमा हुन सक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पुर्‍याउँछ । व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकोले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ । घर तथा वरपरको वातावरण सफा राख्ने, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफा गर्दा पीपीई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ ।

साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शङ्कास्पद वा सम्भावित सङ्क्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोग गर्नु आवश्यक छ । रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई बढावा दिनुपर्छ । ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।

**नेपालको तयारी कस्तो छ ?**

नेपालमा हालसम्म हान्टा भाइरस सङ्क्रमण पुष्टि भएको आधिकारिक तथ्याङ्क छैन । तथापि, अमेरिकाको सीडीसीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमण गरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि हान्टा भाइरस पुष्टि भएको थियो । उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए ।

एन्डिस भाइरसबाट सङ्क्रमित मुसा नेपालमा नपाइने, हाल सङ्क्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ । नेपालमा हालसम्म हान्टा भाइरस पुष्टि नभएकोले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन । नेपालमा दैनिक ४-५ दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेको तथ्याङ्क छन् । एसियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरूको आवतजावत उल्लेख्य छ । तर, आवतजावत गर्ने व्यक्तिहरूको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै ।

नेपालमै हान्टा भाइरस निदान गर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन । परीक्षणको लागि किट नेपालमै ल्याउने वा नमुना विदेश पठाएर परीक्षण गर्ने भन्ने विषयमा समेत स्पष्ट निर्णय भइसकेको छैन । त्यसैले सरकार जोखिम नभएको भन्दै प्रचारप्रसारमा मात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ ।

*(लेखक वीर अस्पतालमा मुख तथा दन्त सर्जन प्रमुख हुनुहुन्छ)* **रासस**

# जलाशययुक्त आयोजना अगाडि नबढेकोमा महालेखापरीक्षकको कार्यालयको प्रश्न

काठमाडौँ, ९ जेठ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन नभएकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ ।

महालेखापरीक्षकको कार्यालयको ६ ३औँ वार्षिक प्रतिवेदनअनुसार, सुक्खायामको बिजुलीको माग सम्बोधन गर्न अगाडि बढाउने भनिएका जलाशययुक्त आयोजना अगाडि नबढाइएकामा किन त्यसो भएको हो भनेर जिज्ञासा राखेको छ ।

हरेक वर्ष एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना, ७७० मेगावाट क्षमताको दूधकोशी, ४१७ मेगावाट क्षमताको नलसिंहगाड, २८० मेगावाट क्षमताको नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजनाको निर्माण सुरु हुन सकेको छैन ।

वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा अगाडि बढाउने भनिएको ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्सा, ७० दशमलव तीन मेगावाट क्षमताको सिम्बुवा निर्माण अगाडि बढाउने गरी नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएको छ ।

बूढीगण्डकी जलविद्युत् आयोजना बजेट अभावले सुरु हुन नसकेको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा समावेश छ । दूधकोशी जलविद्युत् आयोजनाको लगानीको प्रारूप तय हुन नसकेको, नलसिंहगाड, सिम्बुवा र नौमुरे जलविद्युत् आयोजनाको खरिद पूर्वका कार्य सम्पन्न नभएकाले निर्माण सुरु हुन नसकेको पाइएको छ ।

राष्ट्रिय गौरवका योजना र रूपान्तरणकारी योजनाका तोकिएका लक्ष्य पूरा नभएको, आयोजनाको वर्गीकरणको आधार तथा मापदण्डको पूर्ण कार्यान्वयन नभएको पाइएको छ ।

यस्तै, बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले ठेक्का अन्त्य गरी निर्माण व्यवसायीबाट असुल गर्ने निर्णय भएको क्षतिपूर्तिसहित रु. दुई करोड चार लाख ७४ हजार असुल नगरेको लेखापरीक्षणबाट देखिएको छ । मन्त्रालय मातहतका १३ निकायअन्तर्गतका ६६ निर्माण रु. एक अर्ब ३३ करोड ५३ लाखको कार्य सम्पन्न भई अधुरो रहेको छ ।


रानीजमरा कुलरिया सिँचाइ आयोजनाको लम्की मूल नहरअन्तर्गत शाखा नहर निर्माण सुरु गर्ने, महाकाली सिँचाइ आयोजानको तेस्रो चरणको त्रिभुवन बस्तीलगायत शाखा नहर विस्तार अगाडि बढाउने लक्ष्य राखिएको भए पनि स्रोत सहमति प्राप्त हुन नसक्दा निर्माण कार्य सुरु नभएको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा समावेश छ ।

मध्य तराईका पाँच जिल्लाका एक लाख २२ हजार हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुर्‍याउन अगाडि बढाइएको सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स, पावर हाउसलगायतका संरचना निर्माण गर्ने लक्ष्य राखिएको भए पनि ती काम अगाडि बढ्न सकेको छैन ।

**राष्ट्रिय गौरवका आयोजनाको लागत बढ्यो**

प्रतिवेदनअनुसार, राष्ट्रिय गौरवका आयोजनाहरूको लागत बढ्न गएको छ । मन्त्रालय मातहत विभिन्न छ वटा राष्ट्रिय गौरवका आयोजना छन् । सुरु लागत अनुमाान रु. एक खर्ब एक अर्ब ८३ करोड रहेकामा एक सय १३ प्रतिशतसम्म वृद्धि भएको छ ।

वृद्धिपछि लागत अनुमान रु. दुई खर्ब १७ अर्ब १६ करोड बराबर पुगेको छ । हालसम्म ती आयोजनामा रु. एक खर्ब चार अर्ब ९२ करोड बराबर खर्च भएको छ । तर भौतिक प्रगति भने न्यूनतम २६ दशमलव ६५ प्रतिशत र अधिकतम ८२ दशमलव २७ प्रतिशत मात्रै भएको छ ।




सुनकोशी मरिण डाइभर्सन आयोजनाको बाँधस्थल र विद्युत्गृहको ठेक्का सम्झौता अन्त्य भए पनि हालसम्म नयाँ ठेक्का लाग्न सकेको छैन । ऊर्जातर्फको बूढीगण्डकी जलविद्युत् आयोजनाको सुरुआती लागत रु. दुई खर्ब ६० अर्ब रहेकामा संशोधित लागत रु. तीन खर्ब ९८ अर्ब दुई करोड कायम भएको छ । यो लागत समेत थप बढ्ने देखिन्छ । सो आयोजनामा रु ४५ अर्ब ११ करोड बराबरको रकम मुआब्जा वितरण भइसकेको छ । लगानी मोडालिटी तय भए पनि निर्माण सुरु हुन सकेको छैन ।

जग्गा विवाद, वित्तीय प्रारूप समयमा टुङ्गो नलाग्नु, बजेट अभाव हुनु, वनसम्बन्धी समस्या, कार्ययोजनाअनुसार काम हुन नसक्नुलगायतका कारणले ठुला आयोजनामा अपेक्षित प्रगति हुन सकेको छैन । सोही कारण आयोजनाको समय र लागत दुवै बढ्न गएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने, अनुमगन र अन्तरनिकाय समन्वय, बजेट सुनिश्चिततालगायतका विषयलाई ध्यान दिई कार्यसम्पादन सम्झौताको कार्यान्वयन स्थिति मूल्याङ्कन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्नुपर्नेमा महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

**प्रसारण लाइनको प्रगति न्यून**

प्रतिवेदनअनुसार, कर्णाली करिडोर ४०० केभी प्रसारण लाइनको प्रगति २४ दशमलव २८ प्रतिशत मात्रै रहेको छ । भेरी करिडोर ४०० केभी प्रसारण लाइनको दुई दशमलव शून्य एकमात्रै भौतिक प्रगति भएको छ । किमाथाङ्का अरुण हव ४०० केभी प्रसारण लाइनको दुई दशमलव ७७, पश्चिम सेती नयाँ अत्तरिया ४०० केभी प्रसारण लाइनको प्रगति शून्य दशमलव ८९ प्रतिशत बराबर मात्रै भएको छ ।

तमोर हब चाँगे ढुङ्गे साँघु २२० केभी प्रसारण लाइनको प्रगति पनि मात्रै दुई दशमलव ६३ प्रतिशत मात्रै भएको छ । रूपान्तरणकारी आयोजनाअन्तर्गत ऊर्जा मन्त्रालयका दुई अन्तरदेशीय र १६ राष्ट्रिय प्रसारण लाइन आयोजना कार्यान्वयनमा छन् ।

लमाबगर बाह्रबिसे प्रसारण लाइन एक दशमलव ११, शीतलपाटी ढुङ्गेसाँघु प्रसारण लाइनको प्रगति मात्रै शून्य दशमलव २१ प्रतिशत बराबर छ । अधिकांश आयोजनामा जग्गा प्राप्ति, वनको समस्या तथा रुख कटानमा ढिलाइलगायतका काराणले कार्य प्रगतिमा बिलम्ब भएको प्रतिवेदनमा उल्लेख छ । रासस

# खवपमा पहिलो चरणको प्रवेश परीक्षा सम्पन्न
# अर्को प्रवेश परीक्षा जेठ १६ गते हुने



भक्तपुर, ९ जेठ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयमा शनिबार कक्षा ११ को भर्ना कार्यक्रमअन्तर्गत पहिलो चरणको प्रवेश परीक्षा सम्पन्न भयो ।

उत्कृष्ट २५ माविको सूचीमा पर्ने यस विद्यालयमा देशका ७७ जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन् । शैक्षिक वर्ष २०८३/८४ को भर्ना कार्यक्रमअन्तर्गत शनिबार सम्पन्न प्रवेश परीक्षामा सहभागिताको लागि २,९९६ जना विद्यार्थीले आवेदन फाराम बुझाएका थिए ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शनिबार प्रवेश परीक्षा निरीक्षण गर्नुभयो ।

निरीक्षणको क्रममा प्रमुख प्रजापतिले प्रवेश परीक्षामा छोराछोरीहरूलाई पुऱ्याउन आउनुभएका अभिभावकहरूसँग विद्यालयको हलमा परिचय गर्नुभयो ।

परिचयको क्रममा प्रमुख प्रजापतिले सर्वसाधारण जनताका छोराछोरीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप मावि स्थापना गरी सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेज, एउटा कानुन कलेज, नर्सिङ पढाउने अध्ययन संस्थान, ख्वप कलेजलगायत कक्षा ११ र १२ पढाउने ख्वप मावि र शारदा क्याम्पस मावि सञ्चालन गरिरहेको र यी कलेज/विद्यालयहरू देशकै उत्कृष्ट शैक्षिक कलेजहरूमा पर्ने स्पष्ट गर्दै प्रमुख प्रजापतिले गुणस्तरीय शिक्षा प्रदान गर्न यी विद्यालय/कलेजहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

पूर्वाधार निर्माण र जग्गा बन्दोबस्त भक्तपुर नगरपालिकाले गरिदिने र सञ्चालन खर्च विद्यार्थीहरूको शुल्कले व्यहोर्ने पद्धतिकै कारण ख्वप मा.वि./कलेजले कम शुल्कमा अध्ययन गराउन सकिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

स्थानीय तहद्वारा सञ्चालित नेपालको पहिलो विद्यालय ख्वप मावि रहेको स्पष्ट पार्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेका 'ख्वप मोडेल'का स्कूल र कलेजहरू देशभरिका अरु स्थानीय तहको लागि उदाहरण बनिरहेको बताउनुभयो ।

गरिब तथा जेहेनदार विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था रहेको चर्चा गर्दै उहाँले ख्वप माविले यो वर्ष १ करोड ७५ लाख रकम छात्रवृत्ति दिएको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने ख्वप विश्वविद्यालयले स्वीकृति पाएमा कम शुल्कमा चिकित्सा शिक्षा (एमबीबीएस) पढाउन सकिने उहाँले दोहोऱ्याउनुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो ।

विज्ञान, व्यवस्थापन, कानुन, मानविकी र शिक्षाशास्त्र विषयमा भर्नाको लागि शनिबार बिहान र दिउँसो गरी दुई चरणमा प्रवेश परीक्षा सम्पन्न भएको थियो । प्रवेश परीक्षाको नतिजा आइतबार दिनको दुई बजेपछि प्रकाशित गरिने विद्यालयले जनाएको छ ।

पहिलो चरणको प्रवेश परीक्षामा सहभागी हुन नपाएका विद्यार्थीलाई अवसर दिने उद्देश्यले विद्यालयले जेठ १६ गते अर्को चरणको प्रवेश परीक्षा लिने भएको छ ।

**विद्यार्थीले...**

प्रदान गर्नको लागि महालक्ष्मीले विगतदेखि वर्तमानसम्म अनेकौं आरोह अवरोह पार गर्दै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताउनुभयो ।

प्राध्यापक डा. प्रदीपचन्द्र गौतमले एसईई एउटा सानो परीक्षा मात्र भएको र भविष्यमा यस्ता थुप्रै परीक्षा दिनु बाँकी भएकोले त्यसका लागि तयारी अवस्थामा रहन विद्यार्थीलाई सुझाव दिनुभयो ।

विद्यालयका प्रिन्सिपल विकास डंगोलले कसैको देखासिकी र प्रभावमा नपरी आफ्नो क्षमताअनुसारको विषय छनोट गरी विज्ञता हासिल गर्न सक्ने गरी अध्ययन गर्न सुझाव दिनुभयो । कार्यक्रममा मनमैजु माध्यमिक विद्यालयको प्रधानाध्यापक रविना महर्जन, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा सल्लाहकार भक्तिनारायण महर्जन, उपप्राध्यापक तथा बाल साहित्यकार डा. छायादत्त न्यौपानेलगायतले बोल्नुभएको थियो ।

**जित्नेले...**

"जित्नेलाई होइन; राम्रोलाई जिताऔं !", "पैसा र सामान उपहार लिएर वा भोज खाएर होइन; घोषणापत्र अध्ययन गरी मत देऔं !", "भट्टीमा जाँडरक्सी र मासु खाएर होइन; राम्रो घोषणापत्र बुझेर मत देऔं !", "पुराना जितेका भ्रष्टाचारीलाई होइन; परिवर्तन गर्ने नयाँलाई मत देऔं !"

*२८ असार २०७९ (१२ जुलाई २०२२)*
*सम्पादकीय सङ्कलन (तेस्रो खण्ड)*

सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



राजमाया सुवाल

जन्म : २०००/०७/१३ निधन : २०८३/०२/०७

यस श्री सूर्यविनायक गणेश समूहका सदस्य राजेन्द्र सुवालकी ममतामायी माता **राजमाया सुवाल**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री सूर्यविनायक गणेश समूह**
भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा